# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १७२ | काठमाडौं | बुधबार, २ कात्तिक २०७९ | Prabhab National Daily | Wednesday, October 19, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।**

एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।

एक-आपसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## फेरियो चुनावी प्रचार शैली

**गलेश्वर–** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै छ । उम्मेदवारहरू मतदाता आकर्षित गर्न विभिन्न योजना र कार्यक्रमका साथ भेटघाट तथा घरदैलो अभियानमा छन् । मंसिर ४ अर्थात् निर्वाचनको दिन आउन अब केवल ३२ दिनमात्र बाँकी छ । विगतका निर्वाचनमा चुनाव आउनुभन्दा दुई महिनाअघि नै उम्मेदवारका पोस्टर, पम्प्लेट, तुल, ब्यानरले रंगीन हुने गाउँबस्ती, चोक र गल्ली, गल्छेडा

> माइकमा प्रचार सामग्री र गीत घन्काउँदै सहर बजार र गाउँगाउँमा गाडी पुग्दा मतदातामा पनि एक किसिमको रौनक छाउँथ्यो तर, यसपटक हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनमा अघिल्ला निर्वाचनजस्तो तडकभडक र कोलाहल छैन ।

यस वर्ष रित्ता छन् ।

माइकमा प्रचार सामग्री र गीत घन्काउँदै सहर बजार र गाउँगाउँमा गाडी पुग्दा मतदातामा पनि एक किसिमको रौनक छाउँथ्यो तर, यसपटक हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनमा अघिल्ला निर्वाचनजस्तो तडकभडक र कोलाहल छैन । पाँच महिनाअघि सम्पन्न स्थानीय तह निर्वाचनमा देखिएको चुनावी तडकभडक नदेखिँदा मतदाता चुनावको पत्तो हराएजस्तै भएको छ ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिताको कडाइपछि दलहरूको चुनावी प्रचारशैली फेरिएको हो । गाउँबस्तीमा मात्रै होइन सदरमुकाम बेनीबजारमासमेत कतै पनि पोस्टर, पम्प्लेट, तुल, ब्यानर टाँगिएको छैन । 'यसपाली त चुनाव आएजस्तो पनि भएको छैन, चुनावी कार्यक्रम पनि भएका छैनन्, मलाई भोट दिनू है भनेर कुनै उम्मेदवार पनि आएका छैनन्,' मालिका गाउँपालिका-५ का जसबहादुर बूढाले भने ।

यहाँका उम्मेदवार र कुनै पनि राजनीतिक दलले खुला चुनावी कार्यक्रम गरेका छैनन् । उनीहरू आन्तरिक व्यवस्थापनमा नै व्यस्त छन् । कसरी चुनावका लागि आर्थिक स्रोत जुटाउने, कार्यकर्ता परिचालनगर्ने जस्ता रणनीति तयार पार्न कोठे बैठक, भेला र छलफलजस्ता काममा यहाँका राजनीतिक दल र उम्मेदवारले समय खर्चिएका छन् ।

पछिल्लो समय यहाँका राजनीतिक दल र उम्मेदवारमा एक भिन्नै किसिमको मनोविज्ञान विकसित भएको पाइएको छ । उनीहरू प्रत्येक मतदाताकोमा पुगेर समय, श्रम र पैसा खर्च गर्नुको सट्टा प्रत्येक क्षेत्रको प्रभावशालीमा निकाय व्यक्ति, आमा समूह, युवा क्लब, सामुदायिक वनका प्रतिनिधिलाई रिझाउन सक्ने हो भने उनीहरूमार्फत साधारण जनताको मत प्राप्त गर्न सकिन्छ भन्ने विश्वासमा छन् ।

कठिन र छरिएको पहाडी भूगोलमा चुनावी कार्यक्रमबीच सबै मतदाता र बस्तीमा पुग्न असम्भव प्रायः रहेकाले पनि उम्मेदवार र राजनीतिक दललाई यो मनोविज्ञानको चेत पलाएको हो । निर्वाचन आयोगले चुनाव प्रचारप्रसारको समयावधि १५ दिनमा सीमित गरिदिएपछि चुनावी माहोल (**बाँकी पृष्ठ ५ मा**)

# 'भावी प्रधानमन्त्री'विनै चुनावमा गठबन्धन



> हरेक संसदीय चुनावमा भावी प्रधानमन्त्रीको नाम लिएर दलहरु जनताकहाँ जाने चलन छ । बहुमत पाए प्रधानमन्त्री बनाउँछन् । नपाए बनाउँदैनन् । तर, सत्ता गठबन्धनले भावी प्रधानमन्त्रीबारे स्पष्ट पारेको छैन ।
>
> ०००

> एक्लै चुनावमा जाँदा हामीले पनि यसअघि भावी प्रधानमन्त्रीको नाम जनताकहाँ लान्थ्यौं र मत माग्थ्यौं । तर, यसपटक गठबन्धनमा भएकोले त्यस्तो स्थिति छैन ।
>
> **■ भीष्मराज आङ्देम्बे**
> **सहमहामन्त्री, नेपाली कांग्रेस**
>
> ०००

> चुनावको सामना नगरी त्यसको नतिजाविना भावी प्रधानमन्त्रीको बहसमा जानु बेकार हुन्छ । हामीले बहस गरेका छैनौं । आकांक्षा राख्नेहरु देखिएका छन् ।
>
> **■ हरिबोल गजुरेल**
> **उपमहासचिव, माओवादी केन्द्र**

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा र प्रदेशसभा चुनाव हुन ३४ दिन बाँकी छँदै सत्ता गठबन्धनका तीन शीर्ष नेताले मतदातासँग बहुमतका लागि मत मागे । नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले सोमबार संयुक्त अपिल जारी गर्दै मतदातासँग गठबन्धनलाई मत मागेका हुन् । चुनावमा मागिएअनुसार मतदाताले बहुमत दिए सरकार गठनको बाटो खुल्नेछ । त्यस्तो अवस्थामा गठबन्धनबाट प्रधानमन्त्री को बन्लान् ? गठबन्धन दलहरूले जनतालाई थाहा दिएका छैनन् ।

हरेक संसदीय चुनावमा भावी प्रधानमन्त्रीको नाम लिएर दलहरू जनताकहाँ जाने चलन छ । बहुमत पाए प्रधानमन्त्री बनाउँछन् । नपाए बनाउँदैनन् । तर, सत्ता गठबन्धनले भावी प्रधानमन्त्रीबारे स्पष्ट पारेको छैन ।

त्यसो त गठबन्धनमा भावी प्रधानमन्त्रीका लागि चाहन राख्ने नेता नभएका भने होइनन् । सोमबार मात्र काठमाडौं-१ का कांग्रेस उम्मेदवार प्रकाशमान सिंहले प्रधानमन्त्री बन्ने चाहना राखे । उनले भनेका छन्, 'प्रधानमन्त्री बन्न क्राइटेरिया पुग्यो ।'

प्रकाशमान ती नेता हुन्, जसका पिता गणेशमान सिंहले प्रधानमन्त्री पद अस्वीकार गर्दै नेता कृष्णप्रसाद भट्टराईलाई 'फरवार्ड' गरेका थिए । बहुमत पाएको अवस्थामा प्रधानमन्त्री बन्ने चाहना राख्ने प्रकाशमान एक्ला नेता भने होइनन् । कांग्रेसका निवर्तमान महामन्त्री डा. शशांक कोइरालाले २३ असोजमै प्रधानमन्त्री बन्ने चाहना राखे । 'प्रधानमन्त्रीका लागि मैले सोचेको छु,' मनोनयन दर्तापछि डा. कोइरालाको भनाइ थियो । उनी पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला पुत्र हुन् ।

गठबन्धन दलहरूले चुनावमा बहुमत आए भावी प्रधानमन्त्री किटान नगरिए पनि प्रधानमन्त्रीका लागि आकांक्षीहरू बर्गेल्ती छन् । चुनावअघि नै महामन्त्री गगनकुमार थापाले प्रधानमन्त्रीका लागि लड्ने प्रतीज्ञा गरेका थिए । वर्तमान प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवा त प्रमुख दाबेदार रहने भइहाले । उनका ज्योतिषले सातपटकसम्म प्रधानमन्त्री बन्ने योग देउवाको रहेको भन्ने दाबी यसअघि नै गरेका थिए ।

शनिबार काठमाडौंको काँडाघारीमा आयोजित एक कार्यक्रममा गठबन्धनको एउटा घटक नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालले देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाललाई हेर्दै वर्तमान र भावी प्रधानमन्त्री यहीँ रहेको बताएका थिए । यसको अर्थ गठबन्धनमा भावी प्रधानमन्त्रीको चर्चा हुँदै छ । नयाँदेखि पुराना अनुहारहरू आकांक्षी बनेका छन् ।

माओवादी केन्द्रका उपमहासचिव हरिबोल गजुरेलले भनेका छन्, 'चुनावको सामना नगरी त्यसको नतिजाविना भावी प्रधानमन्त्रीको बहसमा जानु बेकार हुन्छ । हामीले बहस गरेका छैनौं । आकांक्षा राख्नेहरू देखिएका छन् ।'

तर, गठबन्धनले बहुमत ल्याए र गठबन्धनमा माओवादीको स्थिति अझ सुधार भए भावी प्रधानमन्त्रीमा दाबी पार्टीबाट हुने पनि बताउँछन् । उनले माओवादीबाट भावी प्रधानमन्त्री दाहाल नै कि अरु नयाँ नेता अघि सर्छन् ? यसबारे भने खुलाएनन् ।

दाहाल गणतान्त्रिक नेपालका पहिलो प्रधानमन्त्री हुन् । दुईचोटी प्रधानमन्त्री भइसकेका छन् । चुनावपछि पनि गठबन्धनको सरकार बने प्रधानमन्त्री बन्ने दाउ दाहालको छ । त्यही भएर उनी चुनाव जित्ने सुनिश्चित भएको क्षेत्र खोजी गर्दै गण्डकी प्रदेशको गोरखा-२ पुगेका हुन् । यद्यपि, भावी प्रधानमन्त्रीबारे प्रचण्डदेखि देउवासम्मका नेतारू मौन छन् ।

देउवानिकट कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बे चुनावअघि भावी प्रधानमन्त्रीबारे गठबन्धनमा छलफल नै नभएको र त्यस्तो छलफल अर्थपूर्ण नहुने बताउँछन् । 'एक्लै चुनावमा जाँदा हामीले पनि यसअघि भावी (**बाँकी पृष्ठ ७ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# कतार जान पूर्वश्रम स्वीकृति लिएका कामदार समस्यामा

**■ मोहनप्रसाद पन्त**

**काठमाडौं-** छोटो अवधिको रोजगारीका लागि कतार जान पूर्वश्रम स्वीकृति लिएका नेपालीहरू समस्यामा परेका छन् । सरकारले कतारमा आगामी २० नोभेम्बरदेखि सुरु हुने विश्वकप फुटबलका लागि जान नेपाली कामदारलाई पूर्वश्रम स्वीकृति दिए पनि भिसा नपाउँदा समस्यामा परेका हुन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कतारमा छोटो अवधि (तीनदेखि छ महिनासम्म)का लागि नेपाली कामदार पठाउने निर्णय गरेको थियो । कानुनतः वैदेशिक रोजगारीका लागि एक वर्षभन्दा कम समयका लागि श्रम स्वीकृति दिन नपाइने भए पनि मन्त्रालयले विशेष निर्णय गरी कतारमा हुने विश्वकप फुटबलका लागि कामदार पठाएर सहयोग गर्ने जनाएको थियो । मन्त्रालयले गरेको निर्णयकै आधारमा म्यानपावर व्यवसायीहरूले कतारबाट छोटो अवधिका लागि कामदारको माग ल्याएका थिए ।

मागपत्रका आधारमा झण्डै दुई हजार जनाले पूर्वश्रम स्वीकृति लिएको वैदेशिक रोजगार कार्यालय ताहाचलले जनाएको छ । पूर्वस्वीकृति लिनेमध्ये हालसम्म १५० जनाले मात्रै कतार जाने भिसा पाएको कार्यालयका निर्देशक एवं सूचना अधिकारी वसन्तबहादुर बोहोराले बताए । 'श्रम मन्त्रालयबाट विशेष निर्णय गरी नेपाली श्रमिक पठाएर कतारलाई सहयोग गर्ने निर्णय भए पनि भिसा समस्याका कारण कामदारहरू रोकिएका छन्,' उनले भने ।

कतारले विश्वकप फुटबल हेर्न जाने दर्शकका लागि भिसाको रूपमा अनिवार्य 'हाया'कार्ड जारी गर्ने जनाइसकेको छ । विश्वकप अवधिभर पर्यटक वा दर्शकलाई हाया कार्डअन्तर्गत कतारमा प्रवेश दिइनेछ । जसअनुरूप नेपाल सरकारले हाया भिसामार्फत नै नेपाली कामदार पठाउने भन्दै नीति लिएको थियो । तर, उल्लिखित भिसा प्रणालीबाट कामदारको रूपमा कतार जान नपाइने भएपछि छोटो अवधिको श्रम स्वीकृति लिएका नेपालीहरू रोकिएको निर्देशक बोहोराले बताए ।

> सरकारले कतारमा आगामी २० नोभेम्बरदेखि सुरू हुने विश्वकप फुटबलका लागि जान नेपाली कामदारलाई पूर्वश्रम स्वीकृति दिए पनि भिसा नपाउँदा समस्यामा परेका छन् ।

उनका अनुसार हाया कार्ड कामदार भिसाको रूपमा नभई विश्वकप हेर्न जानका लागिमात्रै हो । हाया भिसामार्फत गएका कामदारलाई एयरपोर्टमा क्युआर कोड स्क्रिनिङ गर्दा कामदारको रूपमा पहिचान नगर्ने हुँदा समस्या भइरहेको बोहोराको भनाइ छ । हाया भिसाअन्तर्गत गइहाले पनि क्युआर कोड स्क्रिनिङमा कामदार जाने कम्पनीको नाम र जब टाइटल नदेखाउने हुँदा समस्या परेको कार्यालयले जनाएको छ । यो समस्या समाधानका लागि अवश्यक पहलभइरहे पनि कुनै ठोस निर्णय भइनसकेको कार्यालयले उल्लेख गरेको छ ।

श्रम स्वीकृति लिएर बसेका नेपालीहरूको भिसामा समस्या आएको सम्बन्धमा *प्रभाव दैनिक*ले उठाएको प्रश्नमा वैदेशिक रोजगार विभागले पनि यसप्रति चासो दिएको र समस्या समाधानका लागि पहल गरिने विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले जानकारी दिए । सबै प्रक्रिया पूरा गरी श्रम स्वीकृति दिएपछि भिसा पाउनुपर्ने भए पनि के-कति कारणले रोकिएको हो ? कतार दूतावाससँग बुझ्ने काम भइरहेको छ,' निर्देशक भुसालले भने, 'यस विषयमा जानकारी लिएर समस्या समाधानका लागि विभागले आवश्यक समन्वय गरी एउटा वातावरण बनाउँछ ।'

यदि कतारले रोजगारीमा जाने नेपालीका लागि छोटो अवधिको भिसा जारी गरिहाले पनि भिसा सकिएपछि स्वदेश फर्किने वा आवश्यक कानुनी प्रक्रिया पूरा गरेर पुनः रोजगारीमै रहने भन्ने कुरा कामदारको इच्छामा भरपर्ने विभागले जनाएको छ । लामो समय काम गर्नका लागि कामदारले भिसा अवधि थप गर्नुपर्ने र नेपाल सरकारबाट अनिवार्य श्रम स्वीकृति नवीकरण गर्नुपर्ने भुसालले बताए ।

विश्वकप फुटबल महाकुम्भमा छोटो अवधिका लागि नेपालीले रोजगारी र राम्रै पारिश्रमिक पाउने बताइएको छ । नेपाल र कतार सरकारबीच जनवरी २०२१ मा काठमाडौंमा भएको उच्चस्तरीय संयुक्त बैठकबाट विश्वकप लक्षित सिजनल कामदार लैजाने विषयमा दुवै पक्ष सहमत भएका थिए । यसका लागि कानुनी व्यवस्था नभए पनि विशेष निर्णय गरेर 'सिजनल वर्कर'को रूपमा नेपाली जनशक्ति पठाएर कतारलाई सहयोग गर्ने सरकारी संयन्त्रले वचन दिएको मन्त्रालयकै एक उच्च अधिकारीले जानकारी दिए ।






फूल टिप्दै

भक्तपुरको सूर्यविनायक नगरपालिका-७ गुन्डुका कृषक महिला बजारमा बिक्रीका लागि पठाउन सयपत्री फूल टिप्दै । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# रेस्टुरेण्ट र थकाली भान्साघरका भान्सामा भेटियो फोहोर

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीका मिठाइ पसल, रेस्टुरेण्ट तथा थकाली भान्साघरहरूले अस्वस्थ खाना बेच्ने गरेको पाइएको छ । काठमाडौं महानगरपालिकाले बानेश्वर क्षेत्रका मिठाइ पसल, रेस्टुरेण्ट तथा थकाली भान्साघर हरूमा गरेको अनुगमनका क्रममा भान्साको सरसफाइमा समस्या देखिएको हो । अधिकांश रेस्टुरेण्ट तथा भान्साघरहरूले म्याद गुज्रिएका खाद्य सामग्री प्रयोग गरेको पाइएको महानगरले जनाएको छ ।

महानगर स्वास्थ्य विभागको नेतृत्वमा गएको अनुगमन टोलीले कामपा १० मा रहेको द थकाली एण्ड सेकुवा क्याफे र थाकखोला ग्रुप प्रालिले सञ्चालन गरेको थकाली भान्सा, वडा नं. ३१ मा सञ्चालित कोलकत्ता स्वीट्स प्रालि, द बर्गर हाउस (सिएफसी), लोकप्रिय लुम्बिनी तन्दुरी भोजनालय र फलफूल पसलको अनुगमन गरेको थियो । त्यस क्रममा सबैको भान्सामा सरसफाइ कमजोर देखिएको स्वास्थ्य विभागका प्रमुख बलराम त्रिपाठीले बताए ।

'अनुगमन गरिएका सबैको भान्सामा सरसफाइ र स्वच्छताका दृष्टिले कमजोर छन् । परिकार



राजधानीको एक रेस्टुरेण्टको भान्सा अनुगमन गर्दै काठमाडौं महानगरको अनुगमन टोली । *तस्बिरः कामपा*

बनाउने कच्चा पदार्थहरू चामल, दाल, मसलाको उपयोग म्यादका विषयमा सञ्चालकहरूलाई खास चासो देखिएन,' उनले भने, ' भान्सामा काम गर्नेहरूको व्यक्तिगत सफाइ कमजोर छ । उनीहरूले एप्रोनको सही प्रयोग गरेका छैनन् ।'

फ्रिजमा राखिने वस्तुको व्यवस्थापन पनि कमजोर पाइएको उनले बताए । खाद्य अनुज्ञापत्र प्राप्त नभएका, उपभोग्य मिति उल्लेख नभएका वस्तुहरूको प्रयोग देखिएकोसमेत त्रिपाठीले बताए । 'यसरी उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर पुग्नेगरी व्यवसाय सञ्चालन गर्ने होटल तथा मिठाइ पसल सञ्चालकलाई तीन दिनभित्र कार्यालयमा हाजिर हुन भनिएको छ,' उनले भने ।

निरीक्षण अधिकृत एवं खाद्यपदार्थ गुणस्तर नियमन तथा पशुपक्षी महाशाखा प्रमुख डा. अवधेश झाका अनुसार द बर्गर हाउसको फ्रिजमा खान नमिल्ने मासु भेटिएको थियो । 'व्यवसायी आफूले मासु उत्पादन नगर्ने र आपूर्तिकर्ताबाट प्राप्त गर्ने भनेपछि आपूर्तिकर्तालाई लिएर तीन दिनभित्र कार्यालयमा उपस्थित हुन आदेश जारी गरिएको छ,' उनले भने, 'थकाली भान्साघरको किचनमा खाना पकाउने ठाउँमै बसेर खाना खाइरहेको भेटियो । यसरी हेर्दा सामान व्यवस्थापन, पकाउने तथा भण्डारण गर्ने पद्दति र खाना तयारीसँ सम्बन्धित व्यक्तिहरूको आचरणमा सुधार गर्नुपर्ने देखिन्छ ।'

# 'मिथ्या सूचना लोकतन्त्रको चुनौती'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आसन्न निर्वाचनमा सामाजिक सञ्जालमार्फत हुने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियमन गर्ने कार्य जटिल भएकाले यसमा आयोग एक्लैको प्रयास सार्थक नहुने बताएका छन् ।

फेसबुकको मातृसंस्था मेटाद्वारा मंगलबार आयोजित राष्ट्रिय निर्वाचन स्वच्छतासम्बन्धी सम्मेलनमा उनले निर्वाचनका समयमा हुने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियमनका लागि निर्वाचन आचारसंहितामा राखिएका प्रावधान, विभिन्न लोकतान्त्रिक देशहरूका असल अभ्यास र अध्ययन अनुसन्धानमा




आधारित भएको बताउँदै निर्वाचनको समग्र निष्ठालाई प्रवर्द्धन गर्न आयोगले कुनै कसर बाँकी नराख्ने स्पष्ट गरे । 'सामाजिक सञ्जालको व्यापक विस्तारले नेपालीको सूचनाको प्रयोग, उपभोगसम्बन्धी बानीमा व्यापक परिवर्तन आएको छ । जसले गर्दा सचेत सामाजिक सञ्जालका प्रयोगकर्ताबाहेक जो कोही पनि मिथ्या सूचना र दुष्प्रचारको शिकार हुने सम्भावना छ,' प्रमुख आयुक्त थपलियाले भने, 'लोकतन्त्र, निर्वाचन र मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्ति सँगसँगै जान सक्दैनन् ।'

मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति लोकतन्त्रको ठूलो चुनौती र अभिव्यक्ति स्वतन्त्रताको सत्रु भएको उनले बताए । उनले यो अवस्थामा मिथ्या सूचना र दुष्प्रचारको प्रयोगले आममतदाता भ्रमित भई सुसूचित निर्णय लिन नसक्ने र सही प्रतिनिधित्व हुन नसक्ने परिस्थिति पनि हुनसक्ने बताए ।

उनले आयोगले सञ्चारमाध्यमको सहकार्यलाई उच्च प्राथमिकतामा राखेको र नागरिक समाजका संघ संस्थासँगको सहकार्यलाई पनि आयोगले उत्तिकै महत्त्व दिएको जानकारी दिए ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CPI (PENANG) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/३०    LT. No. 273896    चलानी नं. ६०१८९५८१

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | RM | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | General Worker | 5 | 65 | 1500 | ४१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ८ गते (25th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः **निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 273896 मितिः २०७९/०७/०१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S.And S.Human Resource Pvt. Ltd.**

Chapagaun Dobato-15, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287 , E-mail : sands1238@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

कात्तिक २ गते बुधबार (तिथिः नवमी, नक्षत्रः पुष्य, कृष्णपक्ष)

**मेष** कामको चाप धेरै रहनेछ ।

**वृष** अरूबाट सहयोग मिल्नेछ ।

**मिथुन** सन्तानको कार्यमा बाधा आउनेछ ।

**कर्कट** यापारिक प्रगति राम्रो हुनेछ ।

**सिंह** लामो यात्रा हुने योग छ ।

**कन्या** शत्रु सक्रिय रहनेछ ।

**तुला** अरूको जिम्मा नलिनुहोला ।

**वृश्चिक** आनन्दको क्षण प्राप्त हुनेछ ।

**धनु** प्रभावमा वृद्धि हुनेछ ।

**मकर** आजको दिन सुखद् रहनेछ ।

**कुम्भ** आचरणमा विशेष नियन्त्रण आवश्यक छ ।

**मीन** पारिवारिक जीवन सुखद् रहनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## H

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

## नेपाल राष्ट्र बैंक

कात्तिक २ गते, २०७९, १९ अक्टोबर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अन्धगल्छी-रूपसे-बाजादुंगा पदमार्ग** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३, काभ्रेमा निर्माण भएको संसारको गहिरो अन्धगल्छी, रूपसे झरना र बाजाढुङ्गा गुफा जोड्ने पदमार्ग। मुस्ताङ जाने र त्यहाँबाट फर्कने पर्यटकलाई अन्धगल्छी, रूपसे झरना र बाजाढुंगा अवलोकन गर्ने सुविधाका लागि पदमार्ग बनाइएको हो। *तस्बिरः रासस*

# सांसदको तथ्यांक सार्वजनिक

## २०४८ देखि २०७४ सम्मको तथ्यांक समावेश

**■ प्रभाव संवाददाता**




**काठमाडौं–** सर्वेक्षण वेबपोर्टल भूगोलपार्क डटकमले २०४८ देखि २०७४ सम्मको सांसदहरूको तथ्यांक सार्वजनिक गरेको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गरेर भूगोलपार्क डटकमले निर्वाचन आयोगमा भएका अहिलेसम्मका सांसदहरूको विवरण सार्वजनिक गरेको हो।

पत्रकार सम्मेलनमा बोल्दै भूगोलपार्क डटकमका फाउण्डर सिमोन ढुंगानाले नेपालको तथ्यांकमा नयाँ आयाम सुरू गरिएको बताएका छन्। उक्त आयामले लोकतन्त्रलाई बलियो, सुदृढ बनाउने र जनतालाई मत दिने आधारमा निर्णय गर्ने प्वाइन्ट पनि हुने उनको भनाइ थियो। १६५ प्रत्यक्ष र ११० समानुपातिक उम्मेदवारहरू सबै र अब निर्वाचित उम्मेदवारहरूको प्रोफाइल पनि यसमा राखिने उनले जानकारी दिए।

आफूहरूसँग भएको डाटा निर्वाचन आयोगबाट लिइएको र भोलिका दिनमा त्यसमा रेकर्ड थपिदै जाने उनले स्पष्ट पारे। उनले,'हाम्रो नेता डट अनलाइन'ले जनताको मत दिने आधारमा डाटाबेस निर्णय गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। पुर्व प्रमुख निर्वाचन आयुक्त डा. भोजराज पोखरेलले सांसदहरूको विवरण संकलनमा चुनौती भएको बताएका छन्।

पोखरेलले देशमा विगत ३० वर्षमा धेरै कुरामा परिवर्तनको अनुभुति गर्न पाएपनि असल शासनको अनुभूति गर्न नपाएको जनगुनासो ब्यापक रहेको उल्लेख गरे। उनले देशमा भएको उपलब्धिको जस नेताहरूलाई दिँदै उनले जसले परिवर्तनका लागि एजेण्डा लिएर आए र जनतालाई परिवर्तनको लागि जुरुक्क उठाउन सके सोही नेतृत्व परिवर्तनमा चुकेको पनि टिप्पणी गरे।

यी सबै प्रक्रिया, प्रणाली र पद्धतीका केही दोषहरू भएको उनको भनाइ थियो। उनले नेतृत्वको प्रवृत्तिमा परिवर्तन नआएको कारणले देशमा विषम परिस्थिति आइलागेको टिप्पणी गरे। यसमा नेतामात्र नभएर जनता पनि दोषी भएको उनले बताए।

देशको प्रणालीगत समस्या नै गलत भएको भन्दै उनले अहिलेको परिस्थितिमा जस्तोसुकै राम्रो गर्छु भनेर कुनै नेता गएपनि प्रणालीकै कारण गलत काम गर्न पुग्ने उनले विचार व्यक्त गरे।

यसैगरी, वरिष्ठ अधिवक्ता डा. दिनेश त्रिपाठीले देश यतिबेला लोकतन्त्रको महापर्व निर्वाचनमा होमिएको बताउँदै निर्वाचनमा उत्साहजनक सहभागिता जनाउन अपिल गरेका छन्। अहिलेका नेताहरूले देश रूपान्तरण गर्न नसक्ने उनको आरोप थियो।

त्रिपाठीले नेताहरूबाट देशको विकास हुने आशा गर्नुनै जनताको मुर्खता भएको धारणा राखे। उनले नेताहरूले जनतालाई मुर्ख बनाउने काम गरेको उल्लेख गर्दै ती नेता एजेण्डाबिना नै पटक-पटक जनताबाट अनुमोदित हुन सफल भएको सुनाए।

उनले आवाजविहीनहरूको लागि लोकतन्त्र भएपनि पहिला-पहिला संसद्मा महिलाहरूको उपस्थिति कम भएको बताए। लोकतन्त्रमा जनताबाट शासन हुने भनिएपनि जनता किन्ने खेल भइरहेको उनको आरोप थियो।

# अपूरो विकास निर्माणलाई निरन्तरता दिने उम्मेदवारको प्रतिबद्धता

**■ प्रभाव संवाददाता**




भक्तपुर- भक्तपुर क्षेत्र नं. २ प्रदेश सभा क मा अपूरो रहेको विकास निर्माण तथा यस क्षेत्रलाई धार्मिक पर्यटन रूपमा विकास गर्ने उम्मेदवारहरूले प्रतिबद्धता व्यक्त गरेका छन्।

रफत सञ्चार क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै उनीहरूले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन्।

नेकपा एमालेका तर्फका उम्मेदवार किरण थापाले यस क्षेत्रमा रहेको विकासका अधुरा कामहरू जस्तै खानेपानी, सडक, ढल, शिक्षा, स्वास्थ्यलगायतलाई पूर्णता दिन आफूले उम्मेदवार दिएको बताए। यस क्षेत्रमा रहेका विभिन्न ऐतिहासिक र धार्मिक स्थलहरूलाई धार्मिक सकिटका रूपमा विकास गर्ने थापाले बताए। बिशेषत अध्ययन पश्चात बेरोजगार रहने वातावरणको अन्त्य गर्न प्राबिधिक शिक्षामा जोड दिने उनले बताए।

राष्ट्रिय प्राणी उद्यानलाई थप व्यवस्थित गर्दै यस क्षेत्रको जैविक बिबिधिताको संरक्षण र प्रवर्द्धन गर्दैं आन्तरिक र बाह्रय पर्यटकको आगमनमा जोड दिने थापाले बताए। यसैगरी सत्ता गठबन्धनका तर्फका विष्णुराज कार्कीले यस क्षेत्रलाई धार्मिक पर्यटनका रूपमा बिकास गर्ने बताएका छन्। कार्कीले सुर्यबिनायक क्षेत्रमा रहेका ऐतिहासिक र धार्मिक क्षेत्रलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गरि धार्मिक पर्यटन क्षेत्रको रूपमा बिकास गर्ने बताएका हुन्।

युवा अवस्थादेखि राजनीतिलाई समाज सेवाको रूपमा आफूले आत्मसाथ गर्दै आएको र पार्टिभन्दा माथि उठेर यस क्षेत्रका जनताको सुख दुःखको साथमा रहेकाले समेत आफूले यस पटक विजय हासिल गर्ने कार्कीले दावी गरे। यस क्षेत्रमा निर्माणाधिन प्राणी उद्यानलाई थप व्यवस्थित गरि यस क्षेत्रमा आन्तरिक र बाह्रय पर्यटकहरूको आँगन बढाउने योजना समेत रहेको उनले बताए।

यस निर्वाचन क्षेत्रमा देखिएको र जनताको मौलिक हक अर्न्तगतका विषयहरू जस्तै स्वास्थ्य, शिक्षा र रोजगारीको सवाललाई आफ्नो विजयसँगै प्रदेश सरकारले सम्बोधन गर्ने वातावरणको श्रृजना गर्ने कार्कीले बताए। गठबन्धनको सरकारले नै निर्वाचन पछि सत्ता सञ्चालन गर्ने अवस्था रहेको बताउँदै कार्कीले आफू विजय भएसँगै प्रदेश सरकारसँग यस क्षेत्रका स्थानीयको पहुँच पनि सहजता हुने र विभिन्न खालका योजनाहरू यस क्षेत्रले पाउने बताए।

# 'केही सुन्नु नपरोस् जस्तो लाग्छ'



**महोत्तरी–** बाबुको सहादतको सम्मानस्वरूप आफूलाई दोसल्ला ओढाइरहँदा महोत्तरी गाउँपालिका-१ सनउखराकी २० वर्षीया रामरतीकुमारी यादवका बरबर्ती आँसुका धारा झरे। सोमबार जिल्ला प्रहरी कार्यालय महोत्तरीले आयोजना गरेको ६७औँ प्रहरी दिवस-२०७९ मा अमर प्रहरीका परिवारजनलाई सम्मानस्वरूप दोसल्ला ओढाइँदा उनलाई मन थाम्न सकस पर्दा आँसु झरेका हुन्।

'म त्यो सन्तान हुँ, जसले बाबुको काख पाइनँ,' दोसल्ला ओढेपछि उनले सञ्चारकर्मीसँग भने,'बुवाको सहादत र आफ्नो जन्मको कुरा हजुरआमाले सुनाउँदा त्यो दिनबारे केही थप सुन्नु नपरोस् भन्ने लाग्छ।' जीवनको संयोग पनि कस्तो ? पिता नेपाल प्रहरीका हवल्दार नरेश यादव तत्कालीन द्वन्द्वमा मारिदा त्यसै दिन रेखा यादवको कोखबाट जन्मेकी रामरतीको पहिलो रुवाइ घरमा गुञ्जेको थियो।

२०५९ भदौ २३ गते घरमा रामरती जन्मेकी खबर जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा कार्यरत प्रहरी हवल्दार नरेशले सुन्न पाएनन्। बरु नरेश गोली लागेर ढलेको खबर घरका परिवारजनले केहीबेरपछि पाए। नरेशकी आमा जिरवादेवी यादव त्यो दिनको सम्झनाले भक्कानिए।

'घरमा नातिनी जन्मी, यो खबर छोरालाई पुऱ्याउनै नपाइ ऊ (नरेश) यो दुनियाँमा नरहेको खबर आयो। नातिनीसँगै प्रहरी दिवस कार्यक्रममा सरिक हुन पुगेकी करिब ७५ वर्षीया जिरवादेवीले भनिन्, 'अब आँखामा आउने आँसु सुके, यै नातिनी (रामरती)लाई हेरेर चित्त बुझाउनु छ।'

नरेशको सहादतसँगै उसै दिन घरमा छोरी जन्माएकी रेखा यादवले पतिको नाउँमा प्राप्त हुने सुविधा हात पारेर अर्को बिहे गरेपछि रामरतीको भरणपोषण र शिक्षादीक्षाको जिम्मेवारी हजुरआमा जिरवाको काँधमा आइपऱ्यो। पढाइमा एसइई (दशौँ कक्षा, माध्यमिक शिक्षा परीक्षा)सम्म विभिन्न क्षेत्रबाट साथ पाएकी रामरतीले अबको अघिल्लो शिक्षा आफ्नै परिवारको वलबुताबाट गर्नुपर्ने भएको छ।

'आमा जवान हुनुहुन्थ्यो, अर्को बिहे गर्नुभयो, केही गुनासो छैन,' आमाले अर्को बिहे गरेको कुरामा चित्त दुखाइ नभएको बताउँदै रामरती भनिन्, 'बुवाका नाउँमा प्राप्त सुविधामा भने मलाई पनि सम्झनुपर्थ्यो भन्ने लाग्छ।'

कार्यक्रममा उपस्थित अमर प्रहरीका परिवारजनका विलौना हृदयविदारक थिए। कार्यक्रममा विसं २०५९ कै भदौ २२ गते सिन्धुलीको भिमान प्रहरी चौकीमा आक्रमणमा वीरगति प्राप्त गरेका प्रहरी जवान गौरी रायकी पत्नी जमुनादेवी रायले आफ्ना विलौना सुनाउँदा कार्यक्रमका सबै सहभागीका आँखा रसाए। महोत्तरीको मनराशिशवा-९ बथनाहाकी जमुनाले पतिको सहादतपछि तीन छोरा हुर्काए पनि अहिले सबै बेरोजगार हुँदा घरगुजाराको संकट परेको बताएका थियो। यसैगरी कार्यक्रममा विसं २०६० चैत २२ गते धनुषाको यदुकुहास्थित इलाका प्रहरी कार्यालयमा माओवादी आक्रमणमा वीरगति प्राप्त गरेका प्रहरी जवान जलेश्वर-५ पर्सापतैलीकी पुनम राउतले पनि अमर प्रहरी परिवारको पारिवारिक अवस्थाबारे कार्यक्रममा बताए।

द्वन्द्वमा २३ प्रहरीले मुलुकका विभिन्न ठाउँमा कार्यरत रहेकै अवस्थामा सहादत प्राप्त गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीको अभिलेखमा उल्लेख छ। कार्यक्रममा सबै अमर प्रहरी परिवारलाई जिल्लाका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडी र प्रहरी नायब उपरीक्षक रवि रावलले दोसल्ला ओढाइ सम्मान गरेका थिए। समारोहमा पछिल्लो एक वर्ष अवधिमा उत्कृष्ट कार्य गर्ने प्रहरी निरीक्षकदेखि जवानसम्मका १२ जनालाई नगद पुरस्कार प्रदान गरिएको थियो।

## संक्षिप्त

### अरिङगालले टोकेर आमाछोरीको मृत्यु

**सल्यान (प्रस)–** सिद्धकुमाख गाउँपालिका-१ हामपाल बस्ने २१ वर्षीया शोभा बुढाथोकी र उनकै छोरी ४ वर्षीया प्राप्ती बुढाथोकीको अरिङगालले टोकेर सोमबार मृत्यु भएको छ।

धान काटी घरतर्फ फर्कने क्रममा अरिंगालले टोकेर गम्भीर घाइते भएका उनीहरूलाई श्रीनगरस्थित परोपकार अस्पताल हुँदै थप उपचारका लागि कोहलपुतर्फ लैजाने क्रममा प्राप्तीको बाटोमै मृत्यु भएको हो भने सोभाको मेडिकल कलेज कोहलपुरमा थप उपचारको क्रममा मृत्यु भएको हो। साथै उनीहरूसँगै आएका सिद्धकुमाख गाउँपालिका-१ हामपाल बस्ने २१ वर्षीय नबिन बस्नेत समेतलाई अरिंगालले टोक्दा घाइते भएका नबिनको श्रीनगरस्थित परोपकार अस्पताल सल्यानमा उपचार भइरहेको छ।

### चार हजारको आँखा जाँच

**मोरङ (प्रस)–** विराटनगरमा निः शुल्क आँखा जाँच शिविर सञ्चालन भएको छ। विराटनगर महानगरपालिका र रामलाल गोल्छा आँखा अस्पताल प्रतिष्ठानले नगरका १९ वटै वडामा मंगलबारदेखि निःशुल्क आँखा शिविर आयोजना गरिएको हो।

महानगरका प्रमुख नागेश कोइरालले नागरिकको स्वास्थ्यप्रति महानगर सचेत रहेको छ भन्दै आगामी दिनमा नगरका अन्य अस्पतालसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने प्रतिबद्धता जनाए। वडा नम्बर १ का वडाध्यक्ष काजी बस्नेत, अस्पताल प्रतिष्ठानका महासचिव सुरेन्द्र गोल्छा, अस्पतालका प्रशासन प्रमुख विन्देश्वर महतोले नागरिकमा सचेतना जगाउन सके आँखा रोगबाट बच्न सकिने विचार राखे।

शिविरमा महानगरका चार हजार नागरिकको आँखा जाँच गर्नुका साथै चार सयको निःशुल्क शल्यक्रियासहित चस्मा, औषधि र लेन्स प्रदान गर्ने योजना रहेको महानगरले जनाएको छ।

## फेरियो चुनावी...

पृष्ठ १ बाट जारी

सुनसान देखिए पनि दल र उम्मेदवार भित्रभित्र चुनावी अभियानमा जुटेका छन्। नेकपा एमालेको तर्फबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बनेका हरिकृष्ण श्रेष्ठ म्याग्दीकै दुर्गम मानिने धौलागिरि गाउँपालिकाको विभिन्न बस्तीमा घरदैलोमा पुगेर मतदाता रिझाउँदै छन्।

उनी कार्यकर्ता भेटघाट, स्थानीय चुनाव प्रचारप्रसार समिति गठन, परिचालन गर्ने, मतदाताको घरदैलोमा पुग्ने, आशीर्वाद लिने र मतदाताको आकांक्षा बुझ्न दुर्गम धौलागिरि गाउँपालिकातिर व्यस्त छन्। श्रेष्ठ भन्छन्, 'निर्वाचन आचारसंहिताले चुनावको प्रचार समयावधि घटाउँदा उम्मेदवारको खर्च कम हुन्छ, तर मतदाताको दैलोमा पुग्ने अवसर नहुने रहेछ। चुनाव प्रचारमा हुने तडकभडक रोकेर भने राम्रो गरेको छ।'

म्याग्दीको कठिन भूगोल छ स्थानीय तहका ४५ वटा वडामा समेटिएको छ। एउटा प्रतिनिधिसभा र दुईवटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको म्याग्दीमा प्रदेशसभातर्फका उम्मेदवारलाई सबै वडामा पुग्न सजिलो भए पनि प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारलाई भने १५ दिनमा सबै वडामा पुग्न सम्भव नहुने भएको छ। दलहरूले चुनावप्रचार अवधि थोरै र बस्ती धेरै भएपछि तीनदेखि चार वटासम्म बस्ती भ्याउने गरी चुनावी कार्यक्रम बनाएका छन्।

वाम-लोकतान्त्रिक गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका नेपाली कांग्रेसका खमवीर गर्बुजाले चुनावीसभा र पर्चा पम्प्लेट नभए पनि जनताका घरदैलोमा पुगेर भेटघाट गर्ने, कार्यकर्ता भेटघाट गर्ने र जनताका समस्या र सुझाव सुन्ने, थाहा पाउने गरेको बताए।

**भौतिक पूर्वाधार प्राथमिकतामा**

आफ्नो पक्षमा भोट माग्नका लागि गाउँ पसेका राजनीतिक दलका नेतामा मानवीय संवेदना र चेतनाको विकास नभएको म्याग्दीका नागरिकले गुनासो गरेका छन्। आगामी निर्वाचनका लागि विभिन्न राजनीतिक दलबाट उम्मेदवार बनेका व्यक्तिले आफ्नो निर्वाचन क्षेत्रको भौतिक पूर्वाधार विस्तार गरेर विकास गर्ने कुरा मात्र दोहोऱ्याउने गरेका यहाँका मतदाताको गुनासो रहेको छ।

नेता र राजनीतिकदलको प्राथमिकतामा मानवीय संवेदना, सचेतना, जागरण र समयसापेक्ष परिकल्पनाको अझैसम्म पनि विकास नभएको बेनी नगरपालिका-२ का भीमबहादुर पौडेलले बताए।

नेताहरूले जनताका बीचमा मत माग्ने कामको थालनी गर्दा नागरिकले भने निर्वाचन पद्धति र उम्मेदवारप्रति टीकाटिप्पणी गर्न थालेका हुन्। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि कूल २० जनाले उम्मेदवारी दर्ता गराएकामध्ये अधिकांशले आफ्नो निर्वाचन क्षेत्रमा भौतिक शिक्षा, स्वास्थ्य र खानेपानीलगायत पूर्वाधार विकास गर्ने प्रतिबद्धता गर्दै आएका छन्। म्याग्दीमा निर्वाचनका लागि उम्मेदवार बनेका अधिकांश उम्मेदवारले जिल्लाको विकास र जनताको सेवा गर्ने विषयलाई बढी महत्त्व दिएका छन्। *रासस*

# आजदेखि भिटामिन ए र जुकाको औषधि खुवाइँदै

**काठमाडौं (प्रस)–** कात्तिक २ र ३ गते बालबालिकालाई 'भिटामिन ए' र जुकाको औषधि खुवाइने भएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार कात्तिक २ र ३ गते ६ देखि ५९ महिनासम्मका बालबालिकालाई 'भिटामिन ए'को क्याप्सुल खुवाइनेछ।

यस्तै, सोही मितिमा १ वर्ष देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि पनि खुवाइने मन्त्रालयले जनाएको छ। औषधि खुवाउन मन्त्रालयले निश्चित स्थान सामुदायिक स्वास्थ्य स्वंयमसेविका खटाएको छ।

अभिभावकले आफ्नो छोराछोरीलाई त्यहाँ लगेर औषधि खुवाउन सक्नेछन्। मन्त्रालयले खोप केन्द्रमा बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधि खुवाउन सबै अभिभावकलाई आग्रह पनि गरेको छ।

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### चुनावी खर्चको सीमा

यतिखेर देशभर निर्वाचनको माहोल तातिएको छ । दलीय तथा स्वतन्त्र उम्मेदवारहरू आफ्ना अजेण्डा लिएर जनतामाझ पुग्ने क्रम जारी छ । वर्षौंसम्म गाउँमा नपुगेका नेताहरू पनि अहिले टिकट पाएसँगै मतदाता खोज्दै गाउँ पसेका छन् । अबको एक महिना यसरी नै उम्मेदवारहरूले मत माग्ने होड चल्नेछ ।

राजनीतिमा लाग्ने व्यक्तिहरूको अन्तिम लक्ष्य भनेको सत्तामा पुग्ने हुन्छ । सकेसम्म शक्तिशाली मन्त्रालयको बागडोर सम्हाल्ने, नभए जुनसुकै भए पनि मन्त्री बन्ने । त्यसका लागि चुनाव जित्नैपऱ्यो । तर, सांसद बन्दैमा सबैले मन्त्री बन्ने अवसर पाउँदैनन् । मन्त्री बन्न नपाए पनि चुनाव जितेर संसद्मा प्रवेश गर्ने चाहना सबैमा हुन्छ । त्यसैले चुनावमा जस्तोसुकै 'तिकडम' गरेर भए पनि विपक्षीलाई पछि पार्ने दाउमा उम्मेदवारहरू हुन्छन् ।

पछिल्लो समय नेपालको चुनाव धेरै खर्चिलो भएको भन्दै आलोचना भइरहेको छ । चुनावका क्रममा उम्मेदवारहरूले गर्ने खर्च र त्यसको अदृश्य स्रोतले निष्पक्ष मतदानमाथि नै प्रश्न उठाउने गरेको छ । सुरुमा उम्मेदवारले टिकट पाउनै ठूलो धनराशि खर्च गर्ने गरेको बताइन्छ । त्यसपछि चुनाव प्रचारप्रसारका क्रममा धेरै खर्च गर्नेदेखि मतदाता 'किनबेच' हुने विषय सधैं चर्चामा रहँदै आएको छ । निर्वाचन आयोगले उम्मेदवारहरूका लागि खर्चको सीमा तोक्ने गरे पनि त्यो व्यवहारमा कार्यान्वयन हुँदैन । विगतका निर्वाचनहरूमा त्यो कुरा पुष्टि भइसकेको छ । यरी चुनाव महँगो बन्दै जाँदा पैसा नभएका व्यक्तिले उम्मेदवार बन्नै नसक्ने अवस्था सिर्जना हुँदै जानु साँच्चिकै गम्भीर विषय हो ।

यहीबीच निर्वाचन आयोगले आगामी निर्वाचनका लागि उम्मेदवार तथा दलहरूले गर्ने खर्चको सीमा निर्धारण गरेको छ । विभिन्न तीन पक्षलाई आधारलाई आधार मानेर आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ फरक–फरक निर्वाचन क्षेत्रका लागि फरक–फरक खर्चको सीमा तोकेको छ ।

खर्चको सीमा निर्धारण गर्दा २०७९ साल भदौ ३१ गते प्रकाशित अन्तिम मतदाता नामावलीमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम मतदाताको संख्यालाई ६० प्रतिशत भार, सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको संख्यालाई २० प्रतिशत र सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २० प्रतिशत भार मानेको छ ।

आयोगले १६५ निर्वाचन क्षेत्रलाई पाँचवटा आधारमा विभाजन गरी खर्चको सीमा निर्धारण गरेको हो । आयोगका अनुसार एक उम्मेदवारले २५ लाखदेखि ३३ लाख रूपैयाँसम्म खर्च गर्न पाउनेगरी खर्चको सीमा तोकिएको छ । आयोगले काठमाडौं– १, ३, ६, ७ र ८ निर्वाचन क्षेत्रका उम्मेदवारले २५ लाख रूपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकेको छ । काठमाडौंकै २, ४, ५, ९ र १० निर्वाचन क्षेत्रका उम्मेदवारले २७ लाख रूपैयाँसम्म खर्च गर्न पाउने भएका छन् ।

निर्वाचनलाई स्वच्छ र पारदर्शी बनाउन आयोगले खर्चको सीमा तोक्नु सकारात्मक छ । आयोगले खर्चको सीमा निर्धारण गर्न लिएका आधारहरू पनि सही मान्न सकिन्छ । तर, उक्त खर्चको सीमा पालना हुनेमा भने केही पनि विश्वस्त देखिँदैनन् । जति धेरै खर्च गरे पनि उम्मेदवारहरूले पछि खर्च विवरण बुझाउँदा आयोगको सीमाभित्रै देखाउने गरेका छन् । त्यसैले आयोगले तोक्ने सीमा औपचारिकताका लागि मात्रै भएको टिप्पणी भइरहेका छन् । यथार्थमा पनि त्यही नै भइरहेको छ । आयोगले सीमा तोक्ने मात्रै नभई के कति खर्च भएको हो भन्ने यथार्थ अनुगमन गर्न जोड दिनुपर्ने देखिन्छ । प्रभावकारी अनुगमन गर्न नसके खर्चको यथार्थ विवरण आउँदै आउँदैन । त्यसकारण आयोगले यसमा थप कडाइका साथ कदम चाल्नुपर्छ । यसमा सरोकारवाला सबैले आयोगलाई सहयोग गर्न जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो । ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ । पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो । सेनाहरू धेरै मरे । बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गऱ्यो । घोडाहरू काठ र डोरीद्वारा पार गरायो ।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरु: केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे । पुरुका दुबै छोरा युद्धमा मरे । बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे । अन्तमा पुरुले लडाई हार्नपऱ्यो । सिकन्दरले उनलाई बन्दी बनायो ।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।' यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो । त्यहाँका मानिसले आत्मसमर्पण गरे । त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो । चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपऱ्यो । त्यसपछि उसले रावी नदी पनि पार गयो ।

क्रमश:

# 'पश्चिम सेती र सेती नदी–६ परियोजनाले बहुआयामिक विकासको ढोका खोल्नेछ'

*नेपाल सरकारले राष्ट्रिय गौरवको परियोजना घोषणा गरेको करिब चार दशकसम्म विभिन्न आरोह अवरोह पार गरेको पश्चिम सेती जलविद्युत् परियोजना विकासको नयाँ चरणमा प्रवेश गरेको छ । पश्चिम सेती जलविद्युत् परियोजना विकासका लागि लगानी बोर्डले भारत सरकार स्वामित्वको एनएचपिसी लिमिटेडसँग गरेको समझदारीअनुसार उक्त कम्पनीले सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन पेस गरिसकेको छ । गत भदौ २ गते एनएचपिसी र बोर्डबीच पश्चिम सेती र सेती नदी-६ परियोजनाको क्रमश: ४५ दिन र छ महिनाभित्र सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन पेस गर्ने र दुई वर्षभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरी बोर्डसमक्ष पेस गर्ने समझदारी भएको थियो । पश्चिम सेती जलविद्युत् परियोजना विकासको लागत एक खर्ब ६८ अर्ब रूपैयाँ र सेती नदी-६ को एक खर्ब एक अर्ब रूपैयाँ अनुमान गरिएको छ ।*

*ती जलविद्युत् परियोजना विकासका लागि बोर्ड र एनएचपिसीबीच समझदारीपश्चात् भएका विकासक्रम, परियोजनाका लाभ, वातावरणीय प्रभाव न्यूनीकरणलगायतका विषयमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत* ***सुशील भट्ट****सँग राससका समाचारदाता* ***भीष्मराज ओझा****ले गरेको कुराकानी:*



**सुशील भट्ट**
**प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड**

**पश्चिम सेती ७५० मेगावाट र सेती नदी–६ ४५० मेगावाट गरी कूल एक हजार २०० मेगावाट क्षमताका जलविद्युत् परियोजना निर्माणका लागि भारत सरकारको एनएचपिसीसँग समझदारी हुनु आफैंमा उपलब्धिपूर्ण छ ।**

०००

**पश्चिम सेती र सेती नदी–६ को विकाससँगै नेपालको आर्थिक–सामाजिक विकासमा ठूलो रूपान्तरण ल्याउनेछ र यसको प्रत्यक्ष तथा पहिलो लाभग्राही भनेको परियोजना क्षेत्रका बासिन्दा नै हुन् ।**

०००

**विकासका दृष्टिले तुलनात्मकरूपमा पछाडि देखिएको सुदूरपश्चिम प्रदेशलाई विकासको मूलप्रवाहमा ल्याउन यो परियोजना रूपान्तरणकारी हुनेछ भनेर नै पश्चिम सेतीलाई राष्ट्रिय गौरवको परियोजनामा सूचीकृत गरिएको हो ।**

०००

**पश्चिम सेतीको सर्वेक्षण अनुमतिपत्र जारी गर्ने अन्तिम चरणमा छौं । र, सेती नदी–६ को सन्दर्भमा समझदारीको छ महिनाभित्र सोही प्रक्रियाबाट अघि बढ्नेछ ।**

**गत भदौ २ गते लगानी बोर्ड र भारत सरकार स्वामित्वको एनएचपिसी लिमिटेडबीच समझदारी भएयता पश्चिम सेती र सेती नदी-६ जलविद्युत् परियोजनाको काम कसरी अघि बढिरहेको छ ?**

राष्ट्रिय गौरवको पश्चिम सेती र प्राथमिकता प्राप्त परियोजना सेती नदी-६ दुवै परिणाममुखी कार्यान्वयन ढाँचामा अघि बढिसकेका छन् । पश्चिम सेती ७५० मेगावाट र सेती नदी-६ ४५० मेगावाट गरी कूल एक हजार २०० मेगावाट क्षमताका जलविद्युत् परियोजना निर्माणका लागि भारत सरकारको एनएचपिसीसँग समझदारी हुनु आफैंमा उपलब्धिपूर्ण छ । यसले पश्चिम सेती विकासका लागि करिब चार दशकदेखि भइरहेका प्रयासलाई सार्थकतातर्फ डोऱ्याएको छ ।

यससँगै, विकासकर्ताले ८४ करोड रूपैयाँ बराबरको 'पर्फमेन्स बन्ड' सहित पश्चिम सेती जलविद्युत् परियोजनाको सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन दिएको छ ।

त्यस्तै, विकासकर्ताले यस परियोजनाका सम्बन्धमा यसअघि तयार भएका अध्ययन दस्तावेजका लागि अतिरिक्त एक करोड ३९ लाख रूपैयाँ बुझाएको छ र सेती नदी-६ को सन्दर्भमा यसअघि विद्युत् विकास विभागले गरेको अध्ययन प्रतिवेदनका लागि ३० करोड ९० लाख रूपैयाँ निर्धारित समयभित्र बुझाउनेछ । समझदारीका प्रावधानअनुसार अनुमतिपत्र जारी गर्ने प्रक्रियामा रहेको छ ।

सेती नदी-६ को हकमा भने समझदारी भएको मितिले छ महिनाभित्र सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन प्राप्त हुनेछ । सर्वेक्षण अनुमति प्राप्त भएपश्चात् एनएचपिसीले दुई वर्षभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय अध्ययन प्रतिवेदन बोर्डसमक्ष पेस गर्नेछ र सोको मूल्यांकनपश्चात् परियोजना विकासका लागि सम्झौता प्रक्रिया अघि बढ्नेछ ।

**यसअघि पनि पश्चिम सेती जलविद्युत् परियोजना विकासका लागि विभिन्न अन्तर्राष्ट्रिय कम्पनीबाट प्रस्ताव आएका थिए । यद्यपि, ती प्रयास सार्थक हुन सकेनन् । ती प्रयास र अहिलेको पहलमा के फरक छ, जसले यी जलविद्युत् परियोजना विकास हुनेमा आश्वस्त हुन सकिन्छ ?**

परियोजनाका बारेमा यस अघिका पहलका सम्बन्धमा म धेरै टिप्पणी गर्न चाहन्न । परियोजना विकास गर्ने अभिप्रायले नै ती अघि बढाइएका थिए भन्ने लाग्छ । यसअघि भए/गरेका प्रयासका विवरण समेटिएको श्वेतपत्र लगानी बोर्डको कार्यालयले सार्वजनिक गरिसकेको छ । श्वेतपत्रले विस्तृत घटनाविवरण समेट्नुका साथै वस्तुस्थितिको यथार्थ चित्र प्रस्तुत गरेको छ ।

नेपालको जलविद्युत् क्षेत्रको विकासले यसको सम्भावित बजारसँग अन्योन्याश्रित सम्बन्ध राख्छ र बजार महत्त्वपूर्ण पक्ष पनि हो । यसका अतिरिक्त ऊर्जा निर्यातमा केन्द्रित परियोजना सहजीकरण एवं व्यवस्थापनको हाम्रो अनुभवका आधारमा एनएचपिसीसँग सहकार्य अघि बढेको हो । भारत सरकार स्वामित्वको एनएचपिसी प्राविधिक र वित्तीय दुवै हिसाबले सक्षम कम्पनी देखिएको छ । सो कम्पनीले भारतमा सात हजार मेगावाट भन्दा धेरै क्षमताका जलविद्युत् परियोजना कार्यान्वयन गरिसकेको छ । साथै, त्यसको दोब्बर क्षमताका परियोजना कार्यान्वयनका क्रममा छन् ।

एनएचपिसीले स्वच्छ र नवीकरणीय ऊर्जाका क्षेत्रमा दायरा विस्तार गर्न इच्छुक भई आएकाले नेपालमा यी दुई परियोजना विकास गर्न प्रतिबद्ध देखिन्छ । एनएचपिसीको वित्तीय क्षमता, प्राविधिक दक्षता र प्रतिबद्धतामा कुनै प्रश्न छैन । यी परियोजना ऊर्जा निर्यातमा केन्द्रित रहेर एनएचपिसीले कार्यान्वयन गर्दै छ र यसका लागि विकासकर्ता कम्पनी आफैंले बजार सुनिश्चित पनि गर्छ । यस सम्बन्धमा एनएचपिसीले समझदारी भएलगत्तै भारतको पिटिसी इन्डिया लिमिटेडसँग प्रारम्भिक विद्युत् बिक्री सम्झौता भइसकेको पनि जानकारी गराएको छ ।

लगानी बोर्डले यी ठूला परियोजनासहित हालसम्म कूल पाँच हजार मेगावाटका जलविद्युत् आयोजनालाई परिणाममुखी कार्यान्वयन ढाँचामा अघि बढाइसकेको छ । विगतमा यस्ता ठूला परियोजना विकासको कार्यान्वयन तथा सहजीकरण कार्यमा लगानी बोर्डले हासिल गरेको अनुभवले पश्चिम सेती विकासका क्रममा आउनसक्ने सम्भावित जोखिमलाई उचित ढंगले व्यवस्थापन गर्दै परिणाममुखी तवरले परियोजनालाई सम्पन्न गराउन सक्षम रहेको छ ।

त्यसकारण पश्चिम सेती परियोजना विकासमा कुनै सन्देह राख्नुपर्दैन । परियोजना विकासका लागि स्थानीय सरोकारवालाले सहज र अनुकूल वातावरण निर्माणमा सहयोग गर्नुपर्छ र हुनेछ भन्ने विश्वास गरेको छु ।

**दुवै निर्यात केन्द्रित जलविद्युत् आयोजना हुन्, यसले परियोजना क्षेत्र र खासगरी स्थानीयवासीलाई हुने लाभ के-के छन् ?**

पश्चिम सेती र सेती नदी-६को विकाससँगै नेपालको आर्थिक-सामाजिक विकासमा ठूलो रूपान्तरण ल्याउनेछ र यसको प्रत्यक्ष तथा पहिलो लाभग्राही भनेको परियोजना क्षेत्रका बासिन्दा नै हुन् । विकासका दृष्टिले तुलनात्मकरूपमा पछाडि देखिएको सुदूरपश्चिम प्रदेशलाई विकासको मूलप्रवाहमा ल्याउन यो परियोजना रूपान्तरणकारी हुनेछ भनेर नै पश्चिम सेतीलाई राष्ट्रिय गौरवको परियोजनामा सूचीकृत गरिएको हो ।

यस परियोजनाबाट नेपाललाई नि:शुल्क ऊर्जा, राजस्व/आयकर साथै स्थानीय समुदायको लागि रोजगारी, तालिम, आयआर्जनका क्रियाकलाप, सामुदायिक पूर्वाधार विकास, स्थानीय सेयरलगायत प्रत्यक्ष-अप्रत्यक्ष लाभ हुनेछ । परियोजना विकासबाट प्राप्त हुने नि:शुल्क ऊर्जाले औद्योगिकीकरणका साथै ऊर्जाका अन्य स्रोतमाथिको निर्भरता न्यूनीकरण भई इन्धन आयात कम गर्न सकिन्छ ।

अथवा, स्वदेशमा विद्युत् उपभोगका लागि माग सिर्जना गर्न कठिन भएको खण्डमा हामीले निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यी परियोजना विकासका क्रममा प्राप्त हुने औद्योगिक लाभको अनुभव विगतमा गरिसकेका छौं । नेपालमा रहेका सिमेन्ट, छडलगायत निर्माण सामग्री उद्योगले समेत लाभ प्राप्त गर्ने छन् । सुदूरपश्चिमको औद्योगिकरणका साथै आर्थिक उन्नतिमा यी परियोजनाको कार्यान्वयन कोशेढुंगा हुनेमा दुई मत छैन ।

**ठूला परियोजनाको कार्यान्वयनका क्रममा हुनसक्ने सामाजिक तथा वातावरणीय प्रभाव व्यवस्थापन तथा न्यूनीकरण महत्त्वपूर्ण पक्ष मानिन्छ । यस सम्बन्धमा लगानी बोर्डको योजना के छ ?**

सामाजिक तथा वातावरणीय प्रभाव मूल्यांकनका क्षेत्रमा नेपालमा प्रचलित असल अभ्यास अनुशरण गर्दै सम्भावित सामाजिक र वातावरणीय प्रभाव व्यवस्थापन तथा न्यूनीकरणका लागि विकासकर्ताले सुक्ष्म ढंगले योजना तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्नुपर्नेछ । यस प्रयासबाट यसप्रकारका ठूला परियोजना कार्यान्वयनका क्रममा आइपर्नसक्ने सम्भावित सामाजिक तथा वातावरणीय जोखिम न्यूनीकरणमा सहयोग पुग्ने र परियोजनाको स्थायित्व कायम हुनेछ । विस्तृत प्रतिवेदन प्राप्त भएपश्चात् परियोजनाका 'फुटप्रिन्ट' पहिचान भई सम्भावित असरको आँकलन हुनेछ । परियोजना विकास सम्झौतासँगै पहिचान भएका विभिन्न विषयगत योजना तर्जुमा भई कार्यान्वयन हुनेछ ।

**सेती बेसिनको बहुआयमिक विकासको सम्भावना कस्तो देख्नुहुन्छ ?**

भौगोलिक हिसाबले पनि जटिल सेती करिडोरको विकासले विस्तारै गति लिएको छ । पश्चिम सेती र सेती नदी-६ विकासको प्रक्रिया अघि बढेसँगै यसको माथिल्लो तटीय (अपस्ट्रिम) सेती नदी-३ जलविद्युत् परियोजनामा चिलिमे जलविद्युत् कम्पनीले लगानी प्रस्ताव गरेको छ ।

यसले स्वतन्त्र ऊर्जा उत्पादकको सेती बेसिनमा स्वत: आकर्षण बढेको देखिन्छ । सो क्षेत्रको प्रसारणलाइन निर्माणका लागि भारत सरकारको लाइन अफ क्रेडिट (एलओसी) मा राष्ट्रिय प्रसारण ग्रीड कम्पनीमार्फत चैनपुर-वनलेक-न्यूअत्तरिया ४०० केभी प्रसारणलाइन निर्माण कार्य अघि बढ्ने भएको छ । एक सय ५० किलोमिटरको यो प्रसारणलाइन सेती करिडोरका जलविद्युत् परियोजनाका लागि महत्त्वपूर्ण आधार हुनेछ । यस क्षेत्रमा विद्युत् उत्पादन वृद्धि भएसँगै आगामी दिनमा लम्की-बरेली अन्तरदेशीय विद्युत् प्रसारणलाइनमार्फत विद्युत् व्यापारको बाटो खोल्नेमा आशावादी हुन सकिन्छ ।

यसलगायत सडक, विद्युत्, खानेपानी, शिक्षा, सञ्चारप्रविधिजस्ता आधारभूत पूर्वाधारसमेतको स्तरोन्नतिले सेती करिडोर सुदूरपश्चिमको विकासमा रूपान्तरणको सम्वाहक हुनेछ । म व्यक्तिगतरूपमा सेती करिडोरको भविष्य अरूण करिडोरमा जस्तै देखिरहेको छु । उक्त बेसिनमा अरूण तेस्रोको कार्यान्वयनसँगै तल्लो र माथिल्लो अरूण जलविद्युत् परियोजना विकासले गति लिएको छ ।

**दुवै परियोजनाको सर्वेक्षण अनुमतिपत्र जारी हुने चरणमा रहेको भन्नुभयो । यसपश्चात् दुवै परियोजनाको भावी मार्गचित्र के हुन्छ ?**

पश्चिम सेतीको सर्वेक्षण अनुमतिपत्र जारी गर्ने अन्तिम चरणमा छौं । र, सेती नदी-६ को सन्दर्भमा समझदारीको छ महिनाभित्र सोही प्रक्रियाबाट अघि बढ्नेछ । एनएचपिसीलाई सर्वेक्षण अनुमतिपत्र जारी भएको तीन महिनाभित्र प्रारम्भिक प्रतिवेदन लगानी बोर्डसमक्ष पेस गर्नुपर्नेछ र सो पश्चात् २१ महिनाभित्र विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययनसमेत पेस भई स्वीकृतिपश्चात् परियोजना विकास सम्झौताको चरणमा प्रवेश गर्नेछ । यसबीचमा, लगानी बोर्डले परियोजना प्रभाव क्षेत्रका बासिन्दा तथा सरोकारवालाको राय तथा परामर्श लिने र प्राप्त राय/सुझावलाई सम्बोधन गर्नका निमित्त परियोजना विकासका विभिन्न चरणमा समावेश गर्दै लैजाने योजना रहेको छ ।



**दाउराको जोहो** | गत असोज १९ देखि २४ गतेसम्मको अविरल वर्षाका कारण जुम्लाको तिला गाउँपालिका-४ मा आएको बाढीले पुरेको भण्डारधारा, लिडाला र सिमज्यूलामा दाउरा संकलन गर्दै स्थानीय । *तस्बिरः रासस*

# सिन्धुपाल्चोकलाई 'फ्रि वाइफाइ जोन' बनाउने प्रतिबद्धता

■ प्रभाव संवाददाता



**सिन्धुपाल्चोक–** नेपाली कांग्रेसका नेता मोहनबहादुर बस्नेतले क्षेत्र नम्बर २ मा मेलम्ची बाढीले भत्काएका पुल आफूले बनाउने प्रतिबद्धता जनाएका छन् ।

मंगलवार सिन्धुपाल्चोकका प्रेस युनियन सम्बद्ध पत्रकारसँग अन्तरक्रिया गर्दै नेता बस्नेतले उक्त प्रतिबद्धता जनाएका हुन् । सिन्धुपाल्चोक क्षेत्र नम्बर २ बाट गठबन्धनका उम्मेदवार रहेका बस्नेतले बाढीले बगाएका चारवटा पुल दुई वर्षभित्र बनाउने कुनै समस्या नभएको बताए । उनले भने, 'चारवटा पुल दुई वर्षभित्र बनाइसक्छु । कुनै समस्या छैन'

उनले सिन्धुपाल्चोकलाई 'वाइफाइ फ्रि जोन' बनाउने पनि घोषणा गरेका छन् ।

उनले सिन्धुपाल्चोकमा 'वाइफाइ फ्रि जोन' योजना लागू गराएर नेपालको एउटा महत्त्वपूर्ण जिल्लाको रूपमा स्थापित गर्ने बताए । उनले भने, 'सिन्धुपाल्चोकलाई 'वाइफाइ फ्रि जोन' बनाएर एउटा पहिचान दिन्छु ।'

उनले आफू सञ्चारमन्त्री हुँदा स्वयम्भू, पद्मकन्या क्यापसलगायत क्षेत्रमा वाइफाइ फ्रि जोन घोषणा गर्दा देशविदेशमा चर्चा पाएको स्मरण गरे ।

त्यस्तै उनले पाँच वर्षभित्र १५ वटा सडक बनाउने प्रतिबद्धतासमेत व्यक्त गरे । उनले भने, ' अब यस जिल्लामा अधुरो सडक रहने छैन् ।' आफू स्वास्थ्य राज्यमन्त्री हुँदा मेलम्ची अस्पताल बनाएको र चौतारा अस्पतालमा डाक्टरको दरबन्दी बढाएको बताए । उनले भिमटारदेखि हेलम्बुसम्मका सबै फाँटलाई ५ वर्षभित्र सिँचाई गराएर छाड्ने प्रतिबद्धतासमेत जनाए । यसै गरी बस्नेतले सिन्धुपाल्चोक क्षेत्र २ लाई आलुको पाकेट क्षेत्र बनाउने योजना ल्याउने बताए । उनले सिन्धुपाल्चोकमा हिमाली आलु उत्पादन गरेर बिदेसमा ब्रान्ड गर्ने आफ्नो योजना रहेको बताए ।

उनले बिदेशमा पठाउँदा नेपाली युवाहरूले रोजगारी पाउनुको साथै बिदेशमा समेत सिन्धुपाल्चोकको नामको चर्चा हुने बताए ।

यस क्षेत्रमा अहिलेसम्म कांग्रेसले जित्न नसकेको उल्लेख गर्दै बस्नेतले आफ्नो जितपछि पटकपटक कांग्रेसका उम्मेदवार जित्ने गरी काम गर्ने दाबी गरे ।

# जनताका समस्या समाधान गर्न मेरो उम्मेदवारी : *पौडेल*

■ प्रभाव संवाददाता



**दमौली–** नेपाली कांग्रेससका वरिष्ठ नेता रामचन्द्र पौडेलले जनताका समस्या समाधान गर्न नै आफू राजनीतिमा लागेको बताएका छन् ।

तनहुँको व्यास नगरपालिका-१० स्थित शेवर, नयाँबस्ती, डिहीगाउँमा मंगलबार आयोजित मतदाता भेटघाट कार्यक्रममा तनहुं क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका वरिष्ठ नेता पौडेलले जनताका हरेक समस्यासँग आफू अवगत रहेकाले पनि यस क्षेत्रमा आफू उम्मेदवार भएको बताए । उनले समस्या समाधानका लागि नै आफ्नो उम्मेदवार भएको बताए । उनले आफूलाई हरेक समस्या थाहा भएकोले समाधान गर्ने बताए ।

उनले विशेष गरी खानेपानी, सडक स्तरोन्नति र रोजगारीका लागि आफू लागिपरेको बताए । उनले शेवरदेखि कलेस्तीसम्म पुग्ने सडक स्तरोन्नति र रसायनिक मल उद्योग खोल्ने विषयमा पहल भइरहेको जानकारी दिए । लोकतन्त्र संकटमा परेको बेला बनेको गठबन्धनलाई बलियो बनाएर अगाडि बढाउने बताए । उनले लोकतन्त्र र संविधान रक्षाका लागि अहिलेको गठबन्धन बनेको र यसलाई निरन्तर अगाडि बढाउनुपर्नेमा नेता पौडेलले जोड थियो । उनले  गठबन्धनलाई सबै एकजुट भएर लाग्नुपर्ने बताए ।

सुदूरपश्चिममा हुलाकी सडकः

# अबौं लगानी, गति सुस्त

**महेन्द्रनगर–** सुदूरपश्चिम प्रदेशमा निमार्णाधीन हुलाकी सडकको गति सुस्त देखिएको छ ।

कैलालीको लम्की-खग्रौला र धनगढीको क्याम्पस रोडदेखि भजनीसम्म को काम सन्तोषजनक रूपले अघि बढन सकेको छैन । सुदूरपश्चिमको उक्त क्षेत्रमा हुलाकी सडक झण्डै तीस महिनायता निर्माणाधीन अवस्थामा रहेको छ ।

कैलालीमा लम्कीदेखि टीकापुरतर्फको पहिलो प्याकेज (८ किलोमिटर) सडक निर्माण कम्पनीले ६४ प्रतिशत भौतिक प्रगति गरेपनि खंग्रौलासम्मको बाँकी दुई प्याकेजमा २५ देखि ३० प्रतिशत मात्रै काम भएको छ ।

विसं २०७७ जेठदेखि निर्माणको जिम्मा पाएका निर्माण कम्पनिले कोरोना कहरका बेला काम गर्न नपाउँदा पनि निर्माणमा ढिलाइ हुन गएको बताएका छन् ।

लम्कीदेखि खंग्रौला नाकासम्म साढे २९ किलोमिटर सडकमा अहिले पहिलो प्याकेजको एक किलोमिटर सडक कालोपत्रको तयारी भइरहेको छ । हुलाकी राजमार्ग योजना कार्यालय कैलालीका सूचना अधिकृत इञ्जिनीयर दीपक सुनारले आयोजना अन्तर्गत कैलाली र कञ्चनपुरमा सडक निर्माणको कामले गति लिन नसकेको बताए ।

'कोरोनाले गर्दा पनि काम प्रभावित हुँदा ढिलाइ भयो,' उनले भने, 'कञ्चनपुरमा भइरहेको काम असारमा नसकिए निर्माण व्यवसायीलाई गाह्रो पर्ने स्थिति पनि हो ।' लम्कीदेखि दक्षिण टीकापुरतर्फको आठ किलोमिटर सडकलगायत संरचना निर्माणका लागि ४० करोड लागत छ ।

उनका अनुसार उक्त सडकको दोस्रो प्याकेज दश र अन्तिम प्याकेज साढे ११ किलोमिटर निर्माण गर्नुपर्ने छ । 'दोस्रो प्याकेज ४१ करोड र तेस्रो ३३ करोडको हो,' उनले भने, 'काम चलिरहेको भए पनि द्रुतगतिमा भने छैन् ।' तीन वटै प्याकेजको समय भने आगामी मंसिरसम्म मात्र रहेको छ ।

त्यसैगरी धनगढी क्याम्पस रोडदेखि भजनीसम्मको ६२ किलोमिटर सडकमध्ये १८ किलोमिटर कालोपत्र भइसकेको सूचना अधिकृत सुनारले बताए । 'सो सडकमा चार वटा प्याकेजमा ४४ किलोमिटर सडक निर्माण जारी छ,' सुनारले भने, 'उक्त काम एक अर्ब ३० करोडको लगानीमा बन्दै छ ।' सो क्षेत्रमा निर्माणाधीन सडकको गति पनि सुस्त नै रहेको छ ।

त्यसैगरी कञ्चनपुरको डोकेबजारदेखि दैजीसम्मको ६२ किलोमिटर खण्डमध्ये ३४ किलोमिटर कालोपत्र सकिएको छ । विसं २०७३ फागुनमा ३० महिनामा निर्माण सक्ने गरी ठेक्का सम्झौता भएको उक्त सडक दोब्बर समय सकिँदा पनि करिब ५० प्रतिशत काम बाँकी रहेको छ । डोकेबजारदेखि बेलौरीसम्मको २० किलोमिटर, बेलौरीदेखि बेल्डाडीसम्को २० र बेल्डाडीदेखि दैजीसम्म २२ किलोमिटर सडक तीन प्याकेजमा काम भइरहेको छ ।

यहाँ पहिलो प्याकेजको काम सम्पन्न हुने चरणमा रहेपनि अरु दुई प्याकेजमा बाँकी छ । उनले भने, ' कञ्चनपुरमा निर्माण व्यवसायीको ढिलासुस्तीले पनि काममा ढिलासुस्ती भयो ।' कञ्चनपुरमा निर्माणाधीन उक्त हुलाकी सडकको काम तीन प्याकेजमा गरी एक अर्ब १६ करोड बजेट विनियोजन गरिएको छ । रासस

## संक्षिप्त

### जबरजस्ती करणीको अभियोगमा पक्राउ

**तनहुँ (प्रस)–** १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कञ्चनपुर बेलौरी नगरपालिका-६ श्रीपुर हात्तीबजार घर भई  शुक्लागण्डकी नगरपालिका-२ हलेदी बस्ने २९ वर्षीय भगवत दास चौधरीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई चौधरीले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

बर्दिया, ४० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कैलाली टीकापुर नगरपालिका-९ बस्ने २४ वर्षीय सागर टमटालाई सोमबार प्रहरीले पक्राउ गरेको छ । ती महिलालाई बर्दिया राजापुर नगरपालिका-४ अनन्तपुरमा सागरले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो  । सागरलाई आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय राजापुर बर्दियामा पठाइएको छ ।

### सवारी दुर्घटनामा दुईको मृत्यु

**काभ्रे(प्रस)–** मण्डनदेउपुर नगरपालिका-२ गैरीजमरामा हाल नम्बर नखुलेको मोटरसाइकल अन्यन्त्रित भई भिरबाट तल खसेर सोमबार दुर्घटना हुदाँ मोटरसाइकल चालक हाल वतन नखुलेका ५७ वर्षीय कान्छा राम गोलेको मृत्यु भएको छ ।  दुर्घटनामा घाइते भएका उनको शिर मेमोरियल अस्पताल बनेपातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

यसैगरी काभ्रे, पाँचखाल नगरपालिका-५ स्थित पिपलडाँडामा बा.३ ख ६८२७ नम्बरको बस र बा.३ ख १४३ नम्बरको टिपर सोमबार एकआपसमा ठक्कर खाई दुर्घटना हुदाँ बस चालक सिन्धुपाल्चोक ईन्द्रावति गाउँपालिका-२ बस्ने ३३ वर्षीय राजेश गिरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको धुलिखेल अस्पतालमा उपचारको क्रमममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका  बसमा सवार १ जनालाई धुलिखेल अस्पताल हुँदै थप उपचारको लागि केएमसी अस्पताल काठमाडौं रिफर गरिएको छ ।

# घर-घरमै परिचयपत्र

**दमौली–** तनहुँको म्याग्दे गाउँपालिका-७ स्वामीधाराका सोमबहादुर सार्की शारीरिकरूपमा अपांगता छन् । चार वर्ष अगाडि काम गर्दागर्दै अचानक ढलेका उनी त्यसपछि आफ्नै सहारामा उठ्न सकेको छैनन् । उठ्नपर्‍यो भने उनलाई परिवारको सहारा चाहिन्छ ।

उनको दैनिक ह्वीलचियरबाट चलिरहेको छ । घरको मूली नै शारीरिक अपांगता भएपछि परिवार चिन्तित छन् । उनले हालसम्म अपांगता परिचयपत्र पाएका थिएनन् । परिचयपत्र बनाउन गाउँपालिकाको कार्यालयसम्म जान असमर्थ उनलाई गाउँपालिकाले घरमै ल्याएर परिचयपत्र प्रदान गर्दा उनको मुहारमा खुसी छाएको छ । गाउँपालिकाले आयोजना गरेको एकीकृत घुम्ती शिविरको अवसरमा वडाध्यक्ष वसन्तकुमार श्रेष्ठले घरमै पुगेर सार्कीलाई निलो रङको परिचयपत्र प्रदान गरेका छन् ।



'अपांग भइसकेपछि अपांगता परिचयपत्र बनाउनका लागि जान कोसिस गरेता पनि पालिकाको कार्यालय धेरै टाढा पर्छ, जान आउन पनि समस्या हुँदै आएको थियो,' उनले भने, 'गाउँपालिकाले घरमै ल्याएर दिँदा राहतको महसुस भयो ।' अपांगता परिचयपत्र प्राप्त गरेपछि सरकारी तवरबाट प्राप्त हुने सुविधा पाउनेमा सार्की विश्वस्त छन् । म्याग्दे-७ स्वामीभञ्ज्याङका ६३ वर्षीया देउमाया भुजेलले घर नजिकैबाट ज्येष्ठ नागरिक परिचयपत्र पाइन् । ज्येष्ठ नागरिक परिचयपत्र बनाउन एक घण्टाभन्दा बढीको पैदल र सवारीयात्रा गरी गाउँपालिको कार्यालयसम्म पुग्नुपर्ने बाध्यता रहेको उनले घरदैलोमै परिचयपत्र पाउँदा खुसी लागेको बताइन् ।

'ज्येष्ठ नागरिक परिचयपत्र बनाउन गाउँपालिकाको कार्यालयसम्म पुग्नुपर्दा समस्या हुँदै आएको थियो' उनले  भनिन्, 'गाउँपालिकाले घरदैलोमै ल्याएर परिचयपत्र दिँदा सहज भयो ।'  सोही ठाउँका ज्येष्ठ नागरिक रामबहादुर थापा जनप्रतिनिधि तथा कर्मचारीले घरदैलोमा नै ल्याएर परिचयपत्र दिएकामा हर्षित छन् । 'यो भन्दा ठूलो कुरा हाम्रा लागि के हुन्थ्यो र ? स्थानीय सरकार त भनेको सुनेका थियौं, व्यवहारमा नै महसुस भयो,' उनले खुसी हुँदै भने, 'सेवा लिन गाउँपालिकाको कार्यालयमा धाउनुपरेन, घरदैलोमा पनि पायौं ।' वडा कार्यालय टाढा पर्ने र वृद्धावस्थामा हिँडेर जान नसक्ने अवस्था भएकाले घरदैलोमा नै परिचयपत्र पाउँदा राहत मिलेको थापाले बताए ।

निलो रंगको अपांगता परिचयपत्र प्राप्त गरेपछि मासिक सामाजिक सुरक्षा भत्तावापत तीन हजार उपलब्ध गराउने प्रावधान रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले दिए । सोही वडाका ५९ वर्षीय कृष्णबहादुर विकले घरमै कोभिड-१९ विरुद्धको खोप लगाउन पाउँदा खुसी लागेको बताए । 'खुट्टा काटिएर अपांग भएर बस्नुपरेपछि खोप लगाउन जान पनि सकेको थिइनँ, सबैले खोप लगाइसके पनि आफू खोप केन्द्रसम्म जान नसक्दा घरमै आएर खोप लगाइदिएको आभारी छु' उनले भने । जनतालाई घरदैलोमा नै सेवा दिने उद्देश्यले आयोजित एकीकृत घुम्ती शिविरका अवसरमा आठ सय २५ जनाले ज्येष्ठ नागरिक परिचयपत्र पाएका छन् । विभिन्न वडामा गरी १० जना अपांगता भएका व्यक्तिलाई अपांगता परिचयपत्र वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताए । 'स्थानीय सरकार जनताको नजिकको सरकार हो, वडा तथा गाउँपालिकासम्म आएर सेवा लिनुपर्ने बाध्यताको अन्त्यका लागि गाउँपालिका नै स्थानीयको घरदैलोमा पुग्ने अभ्यास सुरु गरेका हौँ,' उनले भने, 'यसले गर्दा सर्वसाधारणलाई राहत मिलेको अनुभूति भएको छ ।'

एकीकृत घुम्ती शिविरका अवसरमा महिला स्वास्थ्य सेवाअन्तर्गत महिलाहरूको पाठेघर परीक्षण, देखापरेका स्वास्थ्य समस्याको उपचार, व्यवस्थापन प्रेषण एवं परामर्श सेवा प्रदान गरिने स्वास्थ्य शाखा प्रमुख तिलक घिमिरेले बताए । यसका साथै एकीकृत घुम्ती शिविरमा परिवार नियोजन परामर्श सेवा, कोभिड-१९ विरुद्धको पहिलो, दोस्रो र अतिरिक्त मात्रा खोप सेवा, आयुर्वेद सेवा, स्वास्थ्य बीमा सेवा प्रदान गरिएको छ । बहिरंग सेवाअन्तर्गत बिरामीको स्वास्थ्य परीक्षण, उपचार तथा औषधि वितरण, प्रयोगशाला सेवाअन्तर्गत रगतमा ग्लुकोजको परीक्षण, खकार परीक्षणका लागि नमूना संकलन, औलो रोगको परीक्षण हुनेछ । जन्म, मृत्यृ, बसाइँसराइको सेवा घुम्ती शिविरबाटै प्रदान गरिएको छ ।

प्रशासन शाखाअन्तर्गत व्यवसाय दर्ता, राजस्व संकलन, मालपोत तथा भूमिकर संकलन सेवा प्रदान गरिएको छ । कृषि तथा पशुशाखाअन्तर्गत बीउबिजन वितरण एवं कृषि अनुदान माग संकलन, गोबर परीक्षण र नतिजाको आधारमा पशुपक्षीलाई औषधि वितरण, बाख्रा, पाठालाई बन्ध्याकरण, पशुको उपचार सेवा प्रदान गरिएको छ । गत असोज ३० गतेदेखि कात्तिक ४ गतेसम्मको दोस्रो चरणको शिविर वडा नं ५, ६ र ७ मा सञ्चालन हुनेछ । यसअघि पहिलो चरणको शिविर असोज २ गतेदेखि असोज २८ गतेसम्म वडा नं १, २, ३ र ४ मा सम्पन्न भइसकेको छ । *रासस*

# प्रभाव दैनिक

रूपशाला

बुधबार, २ कात्तिक २०७९ (Wednesday, October 19, 2022)


## नोरा फतेहीलाई ढाकामा नृत्य गर्न रोक

नोरा फतेही बलिउडकी लोकप्रिय डान्सरमध्ये एक हुन् । उनी टेलिभिजनमा एक डान्स रियालिटी शोमा निर्णायक पनि छिन् । नोराले ठूला फेस्टिभल तथा इभेन्टमा नृत्य प्रस्तुति दिँदै आएकी छन् । यिनै नोरालाई बंगलादेशको सरकारले ढाकामा आयोजना हुन लागेको एक कार्यक्रममा सहभागी जनाउन रोक लगाएको छ । बंगलादेश सरकारले डलर बचाउन यो निर्णय लिएको हो ।



# 'पाँचौं एटिए एभरेस्ट ग्लोबल नेपाली फिल्म अवार्ड' वितरण



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'आफ्नै नाम, आफ्नै शान, आफ्नै पहिचान, नेपाली सिनेमा भिलेज टु ग्लोब' भन्ने नारासहित सन् २०१६ बाट सुरु भएको नेपाली डायस्पोराको प्रतिष्ठित अवार्ड मानिने 'पाँचौं एटिए एभरेस्ट ग्लोबल नेपाली फिल्म अवार्ड-२०२२' अमेरिकाको कोलोराडोस्थित डेनभर सहरमा सम्पन्न भएको छ। अवार्ड कार्यक्रममा सन् २०२२ मा रिलिज भएका नेपाली फिल्ममध्येबाट अवार्ड प्रदान गरिएको थियो ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, बिशिष्ठ चलचित्रकर्मी नीर शाह, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रबिन्द्र खड्का, बरिष्ठ अभिनेताहरू शिब श्रेष्ठ, सुनिल थापा, बरिष्ठ अभिनेत्री शर्मिला मल्ल, बरिष्ठ लोकगायक राम प्रशाद खनाल लगायत दर्जनौ नयाँ पुराना कलाकारहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

अवार्डमा चलचित्र 'ए मेरो हजुर ३'ले सर्वोत्कृष्ट फिल्मको अवार्ड जितेको छ । सोही फिल्मबाट सुहाना थापाले डेब्यु अभिनेत्रीको अवार्ड जितिन् भने निर्देशक झरना थापाले उक्त फिल्मबाट उत्कृष्ट निर्देशकको अवार्ड जित्न सफल भएकी थिइन् । त्यसैगरी जुरी अवार्डमा चलचित्र मारुनीले बाजी मार्न सफल भएको थियो ।

'रातो टीका निधारमा' फिल्मबाट अंकित शर्मा सर्वोत्कृष्ट डेब्यु अभिनेता घोषित भए भने वर्षकै सर्वोत्कृष्ट अभिनेत्रीकोतर्फको अवार्ड ' आमा'बाट सुरक्षा पन्तले जितिन् । 'छ माया छपक्कै'बाट दीपकराज गिरी सर्वोत्कृष्ट अभिनेता घोषित भए । अभिनेत्री नम्रता श्रेष्ठ स्टार अफ दी इयर घोषित भइन् । डायस्पोरा अवार्डतर्फ उत्कृष्ट डेब्यु अभिनेता शक्ति श्रेष्ठ अवार्ड चुम्न सफल भएका थिए भने सुधांशु जोशी उत्कृष्ट अभिनेता बन्दा उत्कृष्ट फिल्मको उपाधि 'हेलो जिन्दगी'ले प्राप्त गऱ्यो । बिशिष्ठ संगीतकार शम्भुजीत बासकोटालाई संगीत रत्न 'पाँचौं एटिए एभरेस्ट ग्लोबल नेपाली फिल्म लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरियो। रामकेशर बोगटी स्मृति सम्मान अभिनेत्री सरिता लामिछाने र गेहेन्द्र धिमाल स्मृति सम्मान नाट्यकर्मी हरिबहादुर थापालाई प्रदान गरिएको थियो ।

समारोहमा अभियानश्री सम्मान प्रकाश श्रेष्ठ र हिरण्य भोजपुरेलाई प्रदान गरियो । भुटानी कला सम्मान सिद्धार्थ विश्व र लक्षु शर्मालाई प्रदान गरियो । त्यसैगरी बिशेष सम्मान सुनिल पाठकलाइ गरिएको थियो भने कृष्ण सुनार, मिस नेपाल नर्थ अमेरिका प्रत्युषा बोहरा र रनरअप आन्या थापालाई पनि सम्मान गरिएको थियो ।

ग्लोबल नेपाली फिल्म अवार्ड एलएलसीका अध्यक्ष नवराज श्रेष्ठले ग्लोबल नेपाली फिल्म अवार्डको बारेमा प्रकाश पार्दै फिल्म फेष्टिवल तथा अवार्ड कार्यक्रम भव्यताको सम्पन्न भएकोमा सम्पूर्ण चलचित्रकर्मी, कलाकार, प्रायोजक, सह-प्रायोजक, सहयोगी संघ संस्था तथा व्यक्तिहरूलाई धन्यबाद ज्ञापन दिएका थिए । नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लले आगामी वर्षहरूमा निरन्तर भब्य अवार्ड कार्यक्रम गर्दै लैजाने र अवार्डको गरिमालाइ उच्च बनाउने बताए । ग्लोबल नेपाली फिल्म अवार्ड एलएलसी, नेपाल फिल्म सोसाइटी र गोल्डेन स्टेट मुभी मेकर एलएलसीको आयोजना तथा ८८४८ मिडिया हाउस एलएलसीले अवार्ड कार्यक्रम संयुक्त रूपमा आयोजना गरेको थियो ।

# मोफसलबाट फर्कियो महापुरुष टिम

**काठमाडौं (प्रस)–** आगामी ११ कात्तिकबाट प्रदर्शनमा आउने फिल्म 'महापुरुष' ले मोफसल भ्रमण सकेको छ । गत २५ असोजमा पूर्वको विर्तामोडबाट सुरु भएको मोफसल भ्रमण ३० असोजमा पोखरामा सकिएको हो ।

मोफसलमा रहेका दर्शकहरूसँग प्रत्यक्ष रूपमा भेटघाट गर्दै स्थानीय सञ्चारकर्मीहरूलाई फिल्मबारे जानकारी दिन कलाकार हरिवंश आचार्य, राजाराम पौडेल, गौरी मल्ल, रबिन्द्रसिंह बानियाँ, अरुण क्षेत्री, अञ्जना बराइली, कमेडियन सुमन कार्की, गायक निशान भट्टराई, गायिका रचना रिमाल, गायिका एन्जिला रेग्मीलगायतले टुर गरेका थिए ।



कोरोनाको महामारीपछि दर्शकसँग प्रत्यक्ष भेटघाट गर्न पाउँदा खुसी लागेको अभिनेता आचार्यले बताए । 'मोफसलका दर्शकहरूबाट भ्रमणमा पाएको मायालाई शब्दमा व्यक्त गर्न सकिँदैन । बढीभन्दा बढी दर्शक भेटेर सद्भाव साटेका छौँ । हाम्रो फिल्म पारिवारिक कथामा आधारित भएकाले स-परिवारलाई निम्तो गरेका छौँ,' अभिनेता आचार्यले भने ।

कार्यकारी निर्मातासँगै कलाकारसमेत रहेका बानियाँले दर्शक फिल्मप्रति उत्साहित रहेको बताए । 'हामीले निर्माण गरेको अघिल्लो फिल्मले दर्शकसँग सम्बन्ध जोड्न मद्दत गरेको छ । महापुरुषलाई लिएर दर्शक उत्साहित हुनुहुन्छ । टुरले उहाँहरूको मनसाय बुझ्ने मौका पनि दियो,' अभिनेता बानियाँले भने । दर्शकसम्म फिल्मको जानकारी पुर्याउन नै ' मोफसल भ्रमण' गरिएको उनले बताए ।

यसै फिल्ममार्फत डेब्यु गर्ने अरुण क्षेत्री र अञ्जना बराइली पनि उत्साहित छन् । 'पहिलो अनुभवमा धेरै यादहरू संगालेको छु । ब्रान्ड भ्यालूको कारण हलसम्म आउने दर्शकलाई रिझाउने प्रयास मेरो छ । उहाँहरूलाई याद हुने अभिनय गर्ने प्रयास गरेको छु,' क्षत्रीले भने । उनले यसअगाडि नै 'आई एम ट्वान्टी वान' मा अभिनय गरिसकेका छन् । यद्यपि प्रदर्शनको हिसाबले उनको यो डेब्यु फिल्म हो ।

अरुणझैँ अन्जना पनि फिल्मलाई लिएर उत्साहित छिन् । मोफसलमा दर्शकसँग साक्षात्कार गरेर काठमाडौं फर्किएकी अञ्जनाले अभिनेता मदनकृष्ण श्रेष्ठकी छोरीको भूमिका निर्वाह गरेकी छन् । 'यो फिल्मले मेरो लागि स्कुलको काम गरेको छ । यसको सिकाइले आउँदो समयमा मलाई मद्दत गर्नेमा विश्वस्त छु,' उनले भनिन् ।

फिल्ममा दुई पुस्ताको प्रेम देखाइएको छ । सन्तानले अभिभावक र अभिभावकले सन्तानसँग चाहने भावनात्मक सम्बन्धलाई लिएर फिल्म तयार गरिएको छ । यसमा निर्देशक प्रदीप भट्टराईकै लेखन रहेको छ । षट्कोण आर्ट्स प्रा.लि.को ब्यानारमा निर्मित फिल्ममा कार्यकारी निर्माता बानियाँ हुन् भने निर्माता दिपेश खत्री छन् ।

# २१ कात्तिकमा क्वालिटी इन्टरटेनमेन्ट अवार्ड

**काठमाडौं (प्रस)–** क्वालिटी फिल्मस्ले आयोजना गर्न लागेको दोस्रो संस्करणको 'क्वालिटी इन्टरटेनमेन्ट अवार्ड २०७९' आगामी २१ कातिकमा हुने भएको छ।

राजधानीको जमलस्थित राष्ट्रिय नाँचघरमा हुने अवार्डका लागि आयोजकले गत भदौमा मनोनयन सार्वजनिक गरिसकेका छन् । यो अवार्ड असोजको पहिलो साता आयोजना गर्ने तयारीमा थियो । तर आयोजक नै डेंगीको संक्रमणमा परेपछि अवार्डलाई २१ कात्तिकमा पुऱ्याइएको हो ।

फिल्मस्का अध्यक्ष उमेश गुरुङका अनुसार कोरोनाको महामारी पछि सुस्ताएको नेपाली गीत संगीत तथा चलचित्र उद्योगलाई माथि उठाउन दुई वर्ष अघिबाट क्वालिटी इन्टरटेनमेन्ट अवार्डको आयोजना थालिएको हो । २०७८ बैशाखदेखि २०७९ भदौको पहिलो सातासम्म रिलिज भएका गीतहरूबाट उत्कृष्ट पाँचको मनोनयन निर्णयक समितिले यस अघि नै छनोट गरेर सार्वजनिक गरिसकेको छ ।

गुरुङका अनुसार यसपटक विभिन्न ४० विधामा यो अवार्ड प्रदान गरिने भएको छ । चलचित्र, गीत, संगीत, म्युजिक भिडियो, फेशन तथा मोडलिङका विभिन्न विधामा यो अवार्ड प्रदान गरिने भएको छ ।

अवार्ड समारोहमा यसपटक दिका गुरुङलाई लाईफ टाईम एचिभमेन्ट अवार्डबाट सम्मानित गरिने छ । तीन दशकभन्दा लामो समयदेखि ध्वानी सम्पादकको रूपमा सक्रिय रहेका कारण उनलाई लाईफ टाईम एचिभमेन्ट अवार्ड प्रदान गर्न लागिएको पनि अध्यक्ष गुरुङले बताए । यस्तै यो वर्ष क्वालिटी इन्टरटेनमेन्ट पत्रकारिता पुरस्कार राजधानी दैनिकका कला पत्रकार डब्बु क्षत्रीलाई प्रदान गरिने पनि उनले जानकारी गराए ।


रंगशाला


नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता

# ६१ स्वर्णसहित सेना शीर्षस्थानमा

■ प्रभाव संवाददाता

**कास्की–** नेपाली सेनाको त्रिभुवन आर्मी क्लब गण्डकी प्रदेशमा जारी नवौं राष्ट्रिय खेलकुदमा पदक तालिकाको शीर्ष स्थानमा रहेको छ । कुल एक सय ३९ स्वर्ण पदकको टुंगो लाग्दा आर्मीले ६१ स्वर्ण आफ्नो पोल्टामा पारेको छ । आर्मीले ३९ रजत र २८ कास्यसहित कुल एक सय २८ पदक प्राप्त गरेको छ ।

विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब दोस्रो तथा नेपाल प्रहरीको पुलिस क्लब पदक तालिकाको तेस्रो स्थानमा छन् । एपिएफ क्लबले २३ स्वर्ण, १७ रजत र १५ कास्यका साथ कुल ६५ पदक प्राप्त गरेको छ । पुलिस क्लबले १५ स्वर्ण, २५ रजत र ३३ कास्यसहित कुल ७४ पदक प्राप्त गरेको छ ।

यसैगरी बागमती, गण्डकी र एनआरएनए क्रमशः चौथो, पाँचौं र छैटौं स्थानमा छन् । बागमती प्रदेशले १४ स्वर्ण, २२ रजत र २३ कास्यसहित कुल ५९ पदक प्राप्त गरेको छ । गण्डकी प्रदेशले १० स्वर्ण, आठ रजत र २० कास्यसहित कुल ३८ पदक प्राप्त गरेको छ । गैर आवासीय नेपाली सङ्घ (एनआरएनए)ले छ स्वर्ण, छ रजत र चार कास्यसहित कुल १६ पदक हासिल गरेको छ ।

यस्तै प्रदेश नं १ सातौं, मधेश प्रदेश आठौं, सुदूरपश्चिम प्रदेश नवौं, लुम्बिनी प्रदेश १०औं तथा कर्णाली प्रदेश पदक तालिकाको ११औं स्थानमा छन् । प्रदेश १ ले हालसम्म तीन स्वर्ण, आठ रजत र २१ कास्यसहित कुल ३२ पदक पाएको छ । मधेशले दुई स्वर्ण, तीन रजत र सात कास्यसहित कुल १२ पदक, सुदूरपश्चिमले दुई स्वर्ण, एक रजत र ११ कास्यसहित कुल १४, लुम्बिनीले एक स्वर्ण, नौ रजत र १२ कास्यसहित कुल २२ तथा कर्णाली प्रदेशले एक स्वर्ण, एक रजत र दुई कास्यसहित कुल चार पदक प्राप्त गरेको छ ।




हालसम्म एक सय ३९ स्वर्ण, एक सय ३९ रजत र एक सय ८६ कास्यसहित कुल चार सय ६४ पदकको छिनोफानो भएको छ । छ हजार एक सय ५७ खेलाडी सहभागी नवौं राष्ट्रिय खेलकुद गण्डकी प्रदेशका आठ जिल्लामा भइरहेको छ । कुल तीन सय ९३ स्वर्ण, तीन सय ९३ रजत र छ सय कास्य पदकका लागि प्रतिस्पर्धा भइरहेको छ । प्रतियोगितामा दुई प्रदर्शनीसहित ३८ खेल समावेश गरिएका छन् । तीन विभागीय, सात प्रदेश र एनआरएनएका खेलाडीबीच खेल भइरहेको छ । पोखरामा यसअघि २०४० सालमा दोस्रो संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिएको थियो ।

त्यस्तै विभागीय नेपाली सेनाको त्रिभुवन आर्मी क्लब पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पुरुष फुटबलको फाइनलमा पुगेको छ । पोखरा रंगशालास्थित फुटबल मैदानमा सम्पन्न पहिलो सेमिफाइनल खेलमा आयोजक गण्डकी प्रदेशलाई १-० गोलले निराश पार्दै आर्मी फाइनलमा पुगेको हो ।

आर्मी आठौं संस्करणको राष्ट्रिय खेलकुदमा फुटबलको च्याम्पियनसमेत हो । पहिलो हाफको खेल गोल रहित बराबरीमा सकिएकामा दोस्रो हाफममा आर्मीले गरेको एक मात्र गोल निर्णायक बन्यो ।

वैकल्पिक खेलाडी सुदील राईले खेलको ५८औं मिनेटमा गोल गर्दै अग्रता दिलाए । खेलको २४औं मिनेटमा कप्तान भरत खवासको स्थानमा मैदान प्रवेश गरेका राईले उत्कृष्ट गोल गरेपछि आर्मी स्वर्ण पदक नजिक पुगेको हो । आर्मीले खेलको सुरुआतदेखि गण्डकीलाई दबाबमा राखे पनि पाएको अवसरको उचित सदुपयोग गर्न सकेको थिएन । आर्मीका गोलका केही अवसर खेर गएका थिए ।

जारी प्रतियोगितामा आर्मी समूह 'सी' को विजेता बन्दै आर्मी सेमिफाइनलमा प्रवेश गरेको थियो । आर्मीले लिग चरणको पहिलो खेलमा लुम्बिनी प्रदेशलाई ४-१ ले र दोस्रो खेलमा पुलिस क्लबलाई २-० गोल अन्तरले हराएको हो । प्रतियोगिताको दोस्रो सेमिफाइनलका लागि सुदुरपश्चिम प्रदेश र समूह 'बी' विजेता एपिएफ क्लबका बीच खेल हुँदैछ ।

पुरुष फुटबल प्रतियोगितामा नवौंमा सहभागी ११ वटै टोलीले सहभागिता जनाएका छन् । प्रत्येक टोलीलाई चार समूहमा विभाजन गरिएको थियो । समूह 'ए' मा गण्डकी प्रदेश, प्रदेश नं १ र एनआरएनको टोली छ । समूह 'बी'मा बागमती, मधेश प्रदेश र एपीएफ रहेका छन् । त्यसैगरी आर्मी, लुम्बिनी प्रदेश र नेपाल पुलिस क्लब समूह 'सी' मा र समूह 'डी'मा कर्णाली र सुदूरपश्चिम प्रदेश छन् । पुरुष फुटबलको स्वर्ण पदकका लागि कात्तिक ३ गते फाइनल खेल हुनेछ ।

### पुलिसलाई ऐतिहासिक स्वर्ण

नेपाल पुलिस क्लबको महिला क्रिकेक टोलीले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको डेब्यु खेलमा नै स्वर्ण पदक जितेको छ । पोखरा रंगशालामा आज भएको फाइनल खेलमा पुलिसले सशस्त्र प्रहरी बल (एपिएफ) लाई पाँच रनले पराजित गर्दै स्वर्ण पदक जितेको हो । पहिलो पटक महिला टोली बनाएको पुलिसले डेब्यु प्रतियोगितामै एतिहासिक स्वर्ण पदक जित्न सफल भयो । पुलिसले राष्ट्रिय टोलीका कप्तान रुविना क्षेत्रीको कप्तानीमा पहिलो पटक महिला क्रिकेट बनाएको हो ।

जितको लागि पुलिसले दिएको ९० रनको लक्ष्य पछ्याएको एपीएफले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ८४ रनमा समेटियो । एपीएफका लागि रोमा थापाले सर्वाधिक २६ रनको योगदान दिइन भने राजमती ऐरीले अविजित १२ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

एपिएफलाई ८४ रनमा समेट्नेक्रममा पुलिसकी ईश्वरी विष्टले २ तथा हिरन्माई रोय, संगीता राई र कप्तान रुविना क्षेत्रीले समान १/१ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पुलिसले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर ८९ रन बनाएको थियो । पुलिसका लागि काजल श्रेष्ठले २७ रन बनाइन भने सम्झना खड्काले २१ रन जोडिन ।

"ए" डिभिजन लिग

# डबल राउण्ड रोबिनमा हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** आसन्न सहिद स्मारक 'ए' डिभिजन लिग डबल राउण्ड रोविनमा सञ्चालन हुने भएको छ । अखिल नेपाल फुटबल संघ एन्फा र ए डिभिजनका क्लबबीच काठमाडौंमा मंगलबार बसेको बैठकले ए सहिद स्मारक लिगलाई डबल राउण्ड रोविनमा सञ्चालन गर्ने निर्णय गरेको हो ।



बैठकले आसन्न लिग पुस २६ देखि जेष्ठ २० गतेसम्म आयोजना गर्ने निर्णय गरेको छ । योसँगै ए डिभिजन लिग ५ महिना चल्ने भएको छ ।

लिगका खेललाई उपत्यका बाहिर पनि आयोजना गर्ने र लिगलाई व्यवस्थित गर्ने सन्दर्भमा कार्यशाला गोष्ठीको आयोजना गर्ने निर्णय एन्फा र क्लबले गरेका छन् । लिग डबल राउण्डमा खेल्ने क्लबको इच्छा र एन्फाको सहजीकरणमा नयाँ ढाचामा नेपाली घरेलु लिग प्रवेश गर्ने ऐतिहासिक निर्णय भएको छ ।

लिगलाई डबल राउण्ड रोविनमा सञ्चालन गर्नुपर्ने माग यसअघि उठ्दै आएको थियो । तर क्लब र एनफाबीच आपसी समन्वय नहुँदा डबल लिगको अवधारणा छायाँमा पर्दै आएको छ ।

पछिल्लो निर्णयसँगै नेपाली फुटबलले प्रतिक्षा गरेको होम एण्ड अवे अवधारणामा लिग सञ्चालन गर्ने दिशामा क्लब र एन्फा अघि बढेका छन् ।

# युएईमाथि श्रीलंकाको जित

**अस्ट्रेलिया–** कार्तिक मैयप्नको ह्याट्रिकका बाबजुत युएई श्रीलंकासँग पराजित भएको छ । श्रीलंकाले भने दोस्रो खेलमा पहिलो जित निकालेको छ ।

भिक्टोरियाको दक्षिण जिलोनमा भएको खेलमा श्रीलंका ७९ रनले विजयी भएको हो । श्रीलंकाले दिएको १ सय ५३ रनको लक्ष्य पछ्याएको युएईले १७ दशमलव १ ओभरमा अलआउट हुदैं ७३ रन मात्र बनायो । युएईका लागि आयान खानले १९ तथा चिराग सुरीले १४ रन बनाए ।

जुनेद सिद्धिकिले अविजित रन १८ बनाउँनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा समेत रन जोड्न सकेनन् । श्रीलंकाका लागि दुश्मन्था चमिरा तथा वानिन्दु हसरंगाले समान ३/३ विकेट लिए ।

महेश तिक्षण २ तथा प्रमोद मधुशंका र डासुन शनकाले समान १/१ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेका श्रीलंकाले २० ओभरमा ८ विकेट गुमाएर १ सय ५२ रन बनाएको थियो ।

श्रीलंकाका लागि पाथुम निशंकाले ७४ रनको अर्धशतकीय पारी खेले । धनन्जय डि सिल्भाले ३३ रन जोड्दा कुशल मेन्डिसले १८ रन बनाए । श्रीलंकाका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउँन सकेनन् । युएईका लागि कार्तिक मैयप्नले ह्याट्रिक ३ विकेट लिए ।

टी-ट्वान्टी विश्वकपमा मैयप्न ह्याट्रिक लिने पहिलो युएईका बलर हुन् । १३.३ ओभरमा भानुका राजपाक्षे , १३.४ ओभरमा चरिथा अशलंका तथा १३.५ ओभरमा कप्तान दासुन शनकालाई उनले आउट गरेका थिए । जाहोर खानले २ तथा आर्यन लाक्रा र आयान खानले समान १/१ विकेट लिए । जितसँगै श्रीलंका २ खेलमा २ अंकका साथ पहिलो राउण्डको समूह ए मा तेस्रो स्थानमा रहेको छ । हारसँगै २ खेलमा जित विहीन रहेको युएई पुछारमा रहेको छ ।

# गरिबी उन्मूलनका निम्ति तत्काल कदम चाल्न आह्वान



**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले गरिबी उन्मूलनका निम्ति तत्काल विश्वव्यापी कदम चाल्न आह्वान गरेका छन् । अन्तर्राष्ट्रिय गरिबी उन्मूलन दिवसका अवसरमा दिएको भिडियो सन्देशमा उनले विश्वका लाखौं जनता कोभिड-१९ का कारण गरिबीतर्फ धकेलिएका, चार वर्षभन्दा बढी समयको मेहनतले प्राप्त प्रगतिलाई पछाडि धकेलेको, असमानताका खाडल अझ फराकिला भएका, राष्ट्रिय एवं घरेलु अर्थतन्त्रमा रोजगारीका अवसर गुमेको, खाद्यान्न र ऊर्जाको मूल्य बढ्दा र विश्वव्यापी मन्दीको छायामा वर्तमान विश्व रूमल्लिएको वास्तविकता प्रस्तुत गरे ।

एकै समयमा जलवायु संकट र उग्र द्वन्द्वले ठूलो पीडा निम्त्याइरहेको, सबैभन्दा अधिक पीडा गरिब जनताले भोगिरहेका, विकासोन्मुख देश आर्थिक वृद्धिका निम्ति लगानीका स्रोत र ऋण राहतमा पहुँच बढाउन असमर्थ हुँदा दिगो विकास लक्ष्य हासिल गर्न कठिन भएको उनले बताए ।

महासचिव गुटेर्रेसले स्वास्थ्य र सभ्य काम, लैंगिक समानता, सामाजिक सुरक्षा, खाद्य सुरक्षा र शिक्षामा लगानी बढाउनुपर्नेमा जोड दिए । रोजगारी सिर्जना गर्ने हरित अर्थतन्त्रमा लगानी बढाउन अपरिहार्य भएको अभिमत पनि उनले सन्देशमा व्यक्त गरेका छन् । राष्ट्रसंघीय महासभाका अध्यक्ष कासाबा कोरोसीले पनि जलवायु परिवर्तन, कोभिड-१९, सबैखाले द्वन्द्वका साथै युक्रेन युद्धको अन्त्यबाट विश्व शान्ति प्रवर्द्धन तथा गरिबी उन्मूलनमा सहयोग पुग्ने बताए ।

**इथियोपियामा हिंसा रोक्न आग्रह**

यसैबीच, महासचिव गुटेर्रेसले इथियोपियामा हिंसा बन्द गर्न आग्रह गरेका छन् । उनले इथियोपियाको टिगरे क्षेत्रमा अहिले पनि हिंसा जारी रहेकाले हिंसा रोक्नुपर्ने र सो क्षेत्रमा इरिट्र्याका सेना रहेकाले ती सेना पनि फर्किनुपर्ने बताएका हुन् ।

यहाँ हिंसा र ध्वंसले उग्र रूप लिइसकेको र यहाँ धनजनको ठूलो क्षति पनि भइरहेकोले अब हत्या हिंसा रोकेर यहाँका नागरिकका बीचमा शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान खोज्नुपर्ने महासचिव गुटेर्रेसले बताएका हुन् ।

संयुक्त राष्ट्रसंघको मुख्यालयमा सम्वाददातासँग उनले सो कुरा बताएका हुन् । उनले भनेका छन्, 'इथियोपियामा हिंसा बढी भयो । यहाँ हिंसा तथा विध्वंस गरेर कसैले पनि केही प्राप्त गर्न सक्दैनन्, यो बाटोबाट कसैको समस्या पनि समाधान हुँदैन । अब हिंसा रोक्नुपर्छ र शान्तिपूर्ण माध्यमबाट अघि बढ्नुपर्छ ।'

राष्ट्रसंघले शान्तिपूर्ण माध्यमबाट इथियोपियाको समस्याको समाधान खोजेको पनि महासचिव गुटेर्रेसले बताएका थिए । उनले टिगरेको निकास सैनिक बलबाट नभएको र यसको राजनीतिक समाधान खोज्नुपर्छ भन्नेमा संयुक्त राष्ट्रसंघ रहेको पनि बताए । उनले इथियोपियाको हिंसा रोकेर त्यहाँको समस्याको शान्तिपूर्ण समाधानका लागि अफ्रिकी युनियनलाई आग्रह पनि गरे । उनले सम्वाददातासँगको कुराकानीका क्रममा भने, 'संयुक्त राष्ट्रसंघले अफ्रिकी युनियनलाई जे-जस्तो आवश्यक पर्छ त्यो सहयोग गर्न तयार छ, यो समस्याको शान्तिपूर्ण तरिकाबाट वार्ता गरेर समाधान खोजोस् ।' त्यहाँ हिंसाका कारण कैयौं मानिसको ज्यान गएको छ भने भौतिक सम्पत्तिमा पनि क्षति पुगेको छ । इथियोपियाको टिगरे क्षेत्रमा जारी रहेको हिंसाका कारण अहिले पनि कम्तीमा १३ लाख नागरिकलाई मानवीय सहायताको खाँचो रहेको छ । *रासस/सिन्ह्वा*

## शान्ति सैनिकमाथि आक्रमणको निन्दा

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सोमबार मालीमा राष्ट्रसंघीय शान्ति सेनामाथि भएको आक्रमणको कडा शब्दमा निन्दा गरेको छ । आक्रमणमा तीन शान्ति सैनिक मारिएका थिए भने तीन जना घाइते भएका थिए ।

परिषद्ले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै सुरक्षा परिषद्का सदस्य राष्ट्रले पीडित परिवारका साथै चाडप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गरेका छन् । साथै, उनीहरूले घाइतेको शीघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गरेका छन् ।

परिषद्का सदस्य राष्ट्रले मालीको संक्रमणकालीन सरकारलाई आक्रमणको तुरुन्त अनुसन्धान थाल्न, दोषीलाई न्यायको दायरामा ल्याएर जवाफदेही शासन व्यवस्था प्रवर्द्धन गर्न र सम्बन्धित सेना योगदान गर्ने देशलाई प्रगतिबारे जानकारी दिन आग्रह गरेका छन् । *रासस/सिन्ह्वा*

## इबोला फैलिन नदिन उच्च सतर्कता

**कम्पाला-** युगान्डाको राजधानी कम्पालामा इबोला भाइरसको संक्रमण फैलिनसक्ने खतरा धेरै रहेकाले यहाँ उच्च सतर्कता अपनाइएको छ । यहाँका राष्ट्रपति योवेरी मुसेवेनीले कम्पालामा यो भाइरसको संक्रमण र फैलावटको अधिक सम्भावना रहेको भन्दै यस सहरमा उच्च सतर्कता अपनाइएको बताएका हुन् । उनले ट्वीटमार्फत सो कुराको जानकारी दिएका हुन् । सोमबार युगान्डाको मुबेन्डेमा दुई जनामा यो भाइरसको संक्रमण देखिएको थियो । त्यसैले सो संक्रमण यहाँ नआओस् भनेर सतर्कता अपनाइएको उनले बताएका छन् । *रासस/सिन्ह्वा*

## 'भावी प्रधानमन्त्री'विनै...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्रीको नाम जनताकहाँ लान्थ्यौं र मत माग्थ्यौं तर यसपटक त्यस्तो स्थिति छैन । गठबन्धनमा छौं र अप्ठ्यारो छ,' उनले प्रभावसँग भने ।

सत्ता गठबन्धनको प्रमुख प्रतिस्पर्धी नेकपा एमाले र उक्त दलको नेतृत्वमा बनेको गठबन्धन हो । एमालेले यसअघि नै अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्रीको रूपमा अघि सारेको छ । जनता समाजवादी पार्टी (जसपा) एमालेसँगको गठबन्धनमा रहे पनि अध्यक्ष उपेन्द्र यादवलाई भावी प्रधानमन्त्री भन्दै जनतामाझ गएको छ ।

पूर्वपञ्चहरूको दल राष्ट्रिय प्रजातन्त्र पार्टीले अध्यक्ष राजेन्द्र लिङ्देनलाई दलले बहुमत ल्याए भावी प्रधानमन्त्री भनेको छ। अन्य दलहरूले पनि भावी प्रधानमन्त्रीको नाम सार्वजनिक गरिसकेका छन् । सत्ता गठबन्धन भने भावी प्रधानमन्त्रीविनै चुनावमा होमिएको छ ।

अघिल्लोपटक प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा वाम गठबन्धन गरेर एमाले र माओवादी केन्द्र गएका थिए । राजनीतिक स्थिरता र विकासको नारा दिएर चुनावमा जाँदा जनताले बहुमत दिए । त्यसबेला ओली-दाहाल पालैपालो प्रधानमन्त्री बन्ने सहमति थियो । तर, ओलीमात्र प्रधानमन्त्री भए। सहमति कार्यान्वयन नभएको भन्दै उत्पन्न विवादले अनेक रूप लिँदै अन्ततः पार्टी एकता नै गरे पनि उनीहरू अलग भए ।

यसपटक भने माओवादी कांग्रेससँगको गठबन्धनमा रहेको छ । र, भावी प्रधानमन्त्रीको नाम माओवादीले जनतालाई थाहा दिएको छैन । कांग्रेसका एक नेता भने गठबन्धन दलहरूले बहुमत पाए भावी प्रधानमन्त्री देउवा नै हुने दाबी गर्छन् । पालैपालो प्रधानमन्त्री हुने 'भद्र सहमति' भए दाहाल र नेपाल पनि क्रमशः हुन सक्छन् । यद्यपि, चुनावी परिणाम कता जान्छ भन्ने अहिले नै भन्न सक्ने स्थिति छैन ।

### हिम रिभर पावर लि.को विशेष साधारणसभा बस्ने सम्बन्धी सार्वजनिक सूचना

**दोस्रो पटक प्रकाशन मिति : २०७९।०७।०२**

यस कम्पनीको संचालक समितिको निर्णय अनुसार निम्न मिति, समय, स्थानमा बसी विशेष प्रस्ताव उपर छलफल गर्नका लागि विशेष साधारणसभा डाकिएकाले सम्पूर्ण शेयरधनीलाई उपस्थितिका लागि सूचित गरिएको छ ।

**निम्नः**

मिति : २०७९।०७।१३ गते शनिवार
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्शाल, काठमाडौं

**विशेष प्रस्ताव :**

१. कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्वन्धमा ।
२.कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने सम्वन्धमा ।
३. कम्पनीको नाममा जगेडामा रहेको शेयर बिक्री गर्न आव्हान गर्ने सम्वन्धमा ।
४. विविध ।

आज्ञाले
कम्पनी सचिव


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW PK FURNITURE DECOR SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No. 268674 चलानी नं. ६०१८४६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ९ गते (26th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nepal Recruitment Consultancy Pvt. Ltd.
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LATHES SAADI SAAD HARBI METAL FORMING

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No.265455 चलानी नं. ६०१८१५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 1 | 0 | 2000 | ६९,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 1 | 0 | 1800 | ६२,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक १४ गते (31st Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PAKYART FOR CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०७९/०६/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No. : 272538 चलानी नं. ६०१८२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 4 | 1300 | ४६,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ९ गते (26th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : P G S GENERAL SECURITY GUARD SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०७९/०६/०४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No. 272216 चलानी नं. ६०१८८००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 5 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ७ गते (24th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAMAQ COMPANY TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७८/१२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No.259269 चलानी नं. ६०१७९४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 15 | 0 | 1000 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARAB STREET CAFÉ TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/०५/०२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No.269791 चलानी नं. ६०१८५७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1500 | ५२,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/११ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/०१ LT. No.259621 चलानी नं. ६०१७९६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 2 | 0 | 1000 | ३४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ९ गते (26th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MECOPLUS INDUSTRY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/३० LT. No. 273908 चलानी नं. ६०१८९५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker ( Manufacturing) | 30 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PROMINENT SOUND SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/३० LT. No. 273880 चलानी नं. ६०१८९५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 5 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DNGLAB ASSOCIATE (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/३० LT. No. 273881 चलानी नं. ६०१८९५८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 5 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ९ गते (26th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Chapagaun Dobato-15, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287 , E-mail : sands1238@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९३,४०० | प्रति तोला - ९२,९०० | प्रति तोला - ११८० |



**विमानको पर्खाइमा वलेवा विमानस्थल** | बागलुङ नगरपालिका-१४, नारायणस्थानमा एक वर्षअघि धावनमार्ग कालोपत्रे भएको बलेवा विमानस्थल। कालोपत्रे भएको एक वर्ष बित्दा पनि यहाँ विमान उडान हुनसकेको छैन। *तस्बिरः खेमराज गौतम/रासस*

## निगमले तिर्‍यो कोषलाई ७३ करोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ता वापतको रु ७३ करोडभन्दा बढी भुक्तानी गरेको छ।

निगमले जहाज खरिद बापत दुई कोषलाई तिर्नुपर्ने ऋण दायित्वको भुक्तानी अन्तर्गत पछिल्लो पटक असोज ३१ गते रु ७३ करोड नौ लाख ५५ हजार दुई सय ८१ भुक्तानी गरेको निगमका सह-प्रवक्ता गणेशकुमार घिमिरेले जानकारी दिए। निगमका अनुसार कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट जहाज खरिदका निम्ति ऋण लिएकोमा कर्मचारी सञ्चय कोषको हकमा न्यारोवडी जहाज खरिदको सावाँ र ब्याज वापतको रु.५३ करोड नौ लाख ५५ हजार २८१ भुक्तानी गरिएको छ।

त्यसैगरी, नागरिक लगानी कोषको हकमा पनि वाइडबडी जहाज खरिद गर्दाको ऋण दायित्वको किस्ता वापतको रु २० करोड किस्ता वापतको रकम भुक्तानी गरिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निगमले यसअघि गत आसार ३० गते दुबै कोषलाई तिर्नुपर्ने ऋण दायित्वको किस्ता वापतको रु एक अर्ब ३५ करोड भुक्तानी गरिएको जनाएको छ। पछिल्ला दिनमा नियमित उडान, अकुपेन्सी दरमा सुधार आई आम्दानीमा वृद्धि भएको निगमले नियमितरूपमा ऋण दायित्वको भुक्तानी गर्न सफल भएको सह-प्रवक्ता घिमिरेले बताए।

उनले अन्तरराष्ट्रिय उडानका चारवटै जहाज पूर्णक्षमतामा नियमित उडान भइरहेकाले निगमको आम्दानीमा सुधार आएको बताए। निगमले वाइड बडी ए-३३० र न्यारोबडी ए-३२० जहाज खरिदका दुबै चरणमा गरेर करिब रु ३७ अर्ब ऋण लिएको थियो। सावा र ब्याज बढेर भुक्तानी दायित्व झण्डै ४५ अर्ब पुगेको बताइन्छ।

## आर्थिक आधार सबल बनाउनु सबैको दायित्व : ऊर्जामन्त्री

■ प्रभाव संवाददाता

**ललितपुर–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले नयाँ संविधान कार्यान्वयनमा आइसकेपछि आर्थिक समृद्धिका महत्त्वपूर्ण आधार तयार भएको बताएकी छिन्। वाम-लोकतान्त्रिक गठबन्धनले आज ललितपुरमा आयोजना गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले ऊर्जा उत्पादनमा नेपाल आत्मनिर्भरतातर्फ अगाडि बढेको बताइन्।

'स्वच्छ ऊर्जाको निर्यात गर्ने अवस्थामा हामी पुगेका छौँ, भौतिक पूर्वाधार, शैक्षिक एवं स्वास्थ्य क्षेत्रमा सकारात्मक परिवर्तन भई जनताको जीवनस्तरमा केही सुधार आएको छ,' उनले भनिन्, 'यस्ता कार्यक्रमलाई अझ प्रभावकारी एवं गुणस्तरीय तुल्याई आर्थिक आधार सबल गर्नु हामी सबैको दायित्व हो।' समृद्ध मुलुक, सम्पन्न नेपालीको सपना साकार गर्ने साझा लक्ष्य प्राप्तिका लागि एकताबद्ध हुन जरुरी रहेको जनाउँदै उनले प्राप्त उपलब्धिको संरक्षणका लागि निरन्तर संयुक्त सङ्घर्ष जारी



तथा समुन्नत आर्थिक-सामाजिक विकासको महाअभियान सञ्चालन गर्नुपर्ने बताइन्।

'सामाजिक न्यायसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको चरणमा छ, नागरिकको मौलिक अधिकार पनि सुनिश्चित हुने क्रममा छ,' उनले भनिन्, 'प्राप्त उपलब्धिको रक्षा र सवलीकरण गर्नुपर्ने अबको दायित्वलाई अझ प्रभावकारी तवरले अगाडि बढाउनुपर्नेछ।'

ललितपुर क्षेत्र नं ३ का उम्मेदवारसमेत रहेकी मन्त्री भुसालले ललितपुरवासीका लागि कला, सम्पदा, संस्कृति र परम्पराको प्रवर्द्धन समृद्धिको महत्त्वपूर्ण आधार रहेको बताइन्। उनले कला, सम्पदा, संस्कृति र परम्परालाई यहाँका हरेक घरपरिवारको आर्थिक उपार्जनसँग जोडनुपर्ने बताइन्। 'व्यवस्थित एवं आधुनिक कृषि कर्मको प्रवर्द्धन गर्दै यहाँ उपलब्ध खेतीयोग्य जमिनको संरक्षण गरी कृषि पर्यटनको अवधारणा लागू गर्नुपर्दछ,' उनले भनिन्, 'त्यसका लागि आवश्यक पर्ने नीतिगत व्यवस्था, प्रदेश र स्थानीय सरकारसँग समन्वय गर्न आवश्यक छ।'

## पलायन हुने अवस्थामा अण्डा उत्पादक व्यवसायी

■ प्रभाव संवाददाता

**चितवन–** बजार अस्थिर भएपछि अण्डा उत्पादन गर्ने ठूला व्यावसायिक फार्मका सञ्चालकले बजार व्यवस्थित गर्न अग्रसरता देखाएका छन्। अण्डाको उपभोग बढाउँदै व्यवसायी र उपभोक्ताको हितमा काम गर्ने गरी उनीहरूले अग्रसरता देखाएका हुन्। आत्मनिर्भर रहेको अण्डा बजारमा उतारचढाव आउँदा एकातिर किसान मारमा परेका छन् भने अर्कोतर्फ उपभोक्ताले सुलभ मूल्यमा अण्डा उपभोग गर्न पाएका छैनन्। सुलभ मूल्यमा पाइने प्रोटिनको राम्रो स्रोत अण्डाका बारेमा जनचेतना जागृत गराउन नसक्दा उपभोग बढ्न सकेको छैन। अण्डा बजारका यावत समस्या समाधान गर्न ठूला व्यवसायीले समिति नै निर्माण गरेर काम सुरु गरेका हुन्। उनीहरूले ३० हजारभन्दा बढी अण्डा उत्पादन गर्ने लेयर्स कुखुरापालक फार्म संगठित भएर 'नेपाल लेयर्स कुखुरापालक सङ्घ' गठन गरेका हुन्।



लेयर्स कुखुराका लागि आवश्यक पर्ने दानाको मूल्य अत्यधिक वृद्धि, बैंकको ब्याजदर वृद्धि र लागत मूल्य नपाउँदा अधिकांश व्यवसायी धरासायी अवस्थामा पुगेका छन्। कतिपयको बैंकमा ब्याज तिर्न नसक्दा सम्पत्ति लिलामीको चरणमा समेत पुगेको छ। नवगठित सङ्घका अध्यक्ष विनोद पोखरेल अस्थिर बजारका कारण अधिकांश व्यवसायी पलायन हुने अवस्थामा पुगेको जानकारी दिए।

नवलपरासीमा चार लाख लेयर्स कुखुरा पाल्दै आएका दाउन्ने कर्पोरेशनका कार्यकारी निर्देशकसमेत रहेका उनले समयमै ध्यान दिन नसकेमा नेपाल पोल्ट्रीमा आत्मनिर्भरबाट परनिर्भर हुनुपर्ने अवस्था आउने बताए।

दैनिक दुई लाख ३१ हजार अण्डा उत्पादन र एक लाख ३० हजार सङ्कलन गरेर बजार पठाउँदै आएको जनाउँदै उनले अहिलेको लागत मूल्यमा अण्डा बिक्री गर्न नपाउँदा दैनिक नोक्सान व्यहोर्नुपरेको बताए। सङ्घले छरिएर रहेका व्यवसायीलाई संगठित गरेर मूल्यमा एकरूपता ल्याउने, बजारमा स्वस्थ प्रतिस्पर्धा कायम गर्ने, दानाको मूल्य घटाउन सरकारसँग पहल गर्ने र अण्डाको खपत बढाउने कुरामा लाग्ने उनको भनाइ छ। बैंकको चर्को ब्याजदरलाई घटाउनका लागि पहल गर्ने उहाँ बताउँछन्। उनले भने, 'अब हामीले समयमै पहलकदमी गरेनौं भने हामी व्यवसायी विस्थापितमात्रै होइन, देश आत्मनिर्भरबाट हट्छ।' एक प्रतिशत भन्सार मूल्य तिर्दै आएको भटमास पिनाको भन्सार मूल्य नौ प्रतिशत हुँदा लागत मूल्य बढेको उनको भनाइ छ।

सङ्घका संरक्षक एवं नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्ट हाल अण्डाको ८० प्रतिशत उत्पादन गर्ने व्यवसायी सङ्घमा रहेको जनाउँदै लागत मूल्य घटाएर उत्पादन बढाइ बजारीकरण गर्न सङ्घ लाग्ने बताए। महासङ्घसँग सहकार्य गरेर खपत बढाउने काममा लाग्नुपर्ने उनको भनाइ छ। व्यवसायीहरूबीचको अस्वस्थ प्रतिस्पर्धाले बजार धरासायी भएको जनाउँदै उनले संगठित भएर व्यवसाय बचाउनुपर्नेमा जोड दिए।

सङ्घका महासचिव शोभाकान्त ढकाल करिब-करिब यो व्यवसाय समाप्त हुने अवस्थामा पुगेपछि संगठित भएको बताउँछन्। स्याङ्जा जिल्लामा खिलुङ कालिका फार्ममा दुई लाख ५० हजार कुखुरा पाल्दै आएका ढकालले दैनिक एक लाख ७० हजार अण्डा बजारमा बिक्री गर्दै आएका छन्। उनको भनाइमा अहिले अण्डामा लागत मूल्य प्रतिगोटा रु १५ छ भने बिक्री मूल्य रु १० मात्रै छ। एउटै अण्डामा रु पाँचदेखि छसम्म नोक्सान व्यहोर्दा व्यवसायी विस्थापित हुने अवस्थामा पुगेको उनी गुनासो गर्छन्। दानाको कच्चा पदार्थको मूल्य र बैंकको ब्याज घटाउन नसकेमा व्यवसायी नटिक्ने उनको भनाइ छ। उनले भने, 'सरकारले व्यवसायीको मर्का बुझेको छैन। हामी आफैं संगठित भएर समस्या समाधानतर्फ लागेका छौं।'

बिजु ग्रुपबाट सञ्चालित दुम्किबास पोल्ट्री फार्मका अप्रेशनल म्यानेजर एवं सङ्घका सदस्य सञ्जिव खनाल अण्डाको लागत मूल्यभन्दा अण्डाको बिक्री मूल्य कम भएपछि बजारलाई व्यवस्थित गर्न संगठित हुनुपरेको बताउँछन्। उनले भने, '१५ वर्षअघिको अण्डाको मूल्य अहिले पनि उही छ, लागत मूल्य धेरै बढिसक्यो।' ७८ प्रतिशत अण्डाको लागत दानामा निर्भर हुने भन्दै उनले यसको मुख्य कच्चा पदार्थ मकै र भटमासको पिनामा लगाइएको भन्सारका कारण दानाको मूल्य आकाशिएको बताए। गएको एक वर्षयता लगातारूपमा नोक्सान व्यहोरिरहनुपरेको उनको भनाइ थियो। हाल चार लाख लेयर्स कुखुराबाट दैनिक दुई लाख १० हजार अण्डा उत्पादन गरिरहेको छ।

ठूला व्यवसायी संगठित भएर लाग्नुपर्ने अवस्था आएको सङ्घका सचिव मदन पोखरेल बताउँछन्। उनले भने, 'अब व्यवसायी र सरकार सहकार्य गर्न नसके नेपालको पोल्ट्री व्यवसाय समाप्त हुन्छ।' नेपालको पोल्ट्री व्यवसायमा रु एक खर्ब ५० अर्ब लगानी रहेको छ। यसको झण्डै आधा लेयर्स कुखुरापालनमा रहेको छ। अहिले दैनिक ४५ लाख हाराहारी अण्डा उत्पादन हुँदै आएको छ।

## मोरङमा छनिए १७ 'स्टार्टअप' उद्यमी

■ प्रभाव संवाददाता

**विराटनगर–** उद्योग संगठन मोरङले यस वर्ष १७ वटा नवीन व्यावसायिक 'आइडिया'लाई स्टार्टअप उद्यमीका रूपमा छनोट गरेको छ। नवीन सोच विचार तथा अवधारणा भएका युवालाई उद्यमशीलतामा रूपान्तरणका लागि सहजीकरण गरी नयाँ व्यवसायको सिर्जना गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यले संगठनले गत वर्षदेखि सञ्चालन गरेको 'स्टार्टअप एण्ड इनोभेशन' कार्यक्रमअन्तर्गत दोस्रो ब्याचका लागि १७ युवा उद्यमी छानिएका हुन्।

यस वर्ष छानिएका नवउद्यमीमा छ जना महिला र ११ जना पुरुष छन्। छनोट भएका स्टार्टअपलाई गत असोज २७ देखि ३० गतेसम्म चार दिनको बुट क्याम्पमा राखी विजनेश हेल्थ चेकअप गरी मेन्टर तथा विजनेश कोचसँग म्याच मेकिङ गरी चार दिने बुट क्याम्प सम्पन्न भएको छ। नवउद्यमीलाई सघाउन कार्यक्रमअन्तर्गत १८ जना मेन्टर, पाँच जना विजनेश कोच र छ जना स्टार्टअपफेलो समेत चयन गरिएको छ।

कार्यक्रमअन्तर्गत छनोट भएका स्टार्टअपको व्यावसायिक योजना तयारी, सोअनुरूप आवश्यक पर्ने प्राविधिक विषयमा मेन्टरसीप, कोचिङ तथा परामर्श सेवा, नेटवर्क विस्तारका साथै बुट क्याम्पको आयोजना जसअन्तर्गत विजनेश क्यानभास मोडेल, बिजनेश हेल्थ चेक अप, उपभोक्तासँग साक्षात्कार गराउन हाटबजार एवं विभित्र विषयगत कार्यक्रमका माध्यमबाट १२ महिना व्यावसायिक सेवा उपलब्ध गराउँदै आवश्यक पर्ने लगानीमा समेत सहजीकरण गरिने कार्यक्रम रहेको संगठनका स्टार्टअप कार्यक्रमका समितिका संयोजक सुरेन्द्र गोल्छाले बताए।

कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकार उद्योग श्रम तथा रोजगार मन्त्रालय, विराटनगर महानगरपालिका, स्वीस कन्ट्याक्ट, आसामान नेपाल, पूर्वाञ्चल विश्व विद्यालय, अन्तरप्रेरणा प्रालि, नबिल बैंक लिमिटेड, नेपाल युवा उद्यमी मञ्चलगायतका संस्थासँगको सहकार्य गरिएको छ।

स्टार्टअप व्यवसायको प्रवर्द्धन र विकासका लागि सरकार, अनुसन्धानमूलक संस्था एवं निजी क्षेत्रबीच समन्वय गरी प्रदेश नं १ को नमूनाको रूपमा व्यवसाय विकासका व्यवस्थापकीय एवं प्राविधिक सेवाको दिगो इकोशिष्टमको जग बसाल्ने लक्ष्यका साथ संगठनले व्यावसायिक सामाजिक जिम्मेवारीअन्तर्गत गएको वर्षदेखि संगठनले प्राथमिकताका साथ यो कार्यक्रमलाई अघि बढाएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ